ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३१३ ॥ सोमबार २१ बैशाख २०८३ ॥ तृतीया ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Monday 4 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## संवैधानिक परिषद् अध्यादेश फिर्ता

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ पुनर्विचारका लागि मन्त्रिपरिषद्मा फिर्ता पठाएका छन्।

नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धि ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ असार २५ मा राष्ट्रपतिसमक्ष पेस भएकामा सन्देशसहित उक्त विधेयक मन्त्रिपरिषद्मा फिर्ता पठाइएको जनाउँदै राष्ट्रपति कार्यालयले तत्कालीन मन्त्रिपरिषद्को २०८२ मंसिर २ गतेको निर्णयअनुसार प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएको स्मरण गराएको छ। बैशाख १४ गतेको मन्त्रिपरिषद् निर्णयबमोजिम सिफारिस भइ आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न मन्त्रिपरिषद्मा पठाएको उक्त कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

राष्ट्रपति पौडेलले सातौं अध्यादेश जारी गरेका छन्।

*राष्ट्रिय खेलमै बेवास्ता*

# खेलचिकित्साले कहिले पाउला प्राथमिकता ?

सन्देश संवाददाता

हेटौंडा/केही वर्षअघि दशरथ रंगशालामा भइरहेको राष्ट्रिय फुटबल प्रतियोगितामा राष्ट्रिय फुटबल खेलाडी मनिष डाँगी विपक्षी खेलाडीसँग ठोक्किएर अचेत हुन पुगे। तत्काल विपक्षी विदेशी खेलाडीले सीपीआर गरे र एकछिनमा होस आयो। पछि बुझ्दा रेफ्री तथा अन्य खेलाडीमा सीपीआरसम्बन्धि ज्ञान नभएको पाइएको चर्चा चल्यो।



सीपीआर मुटुको धड्कन वा श्वासप्रश्वास अचानक रोकिएमा ज्यान बचाउन गरिने एक आकस्मिक प्राथमिक उपचार विधि हो। यसले मुटु र मस्तिष्कमा अक्सिजनयुक्त रगतको प्रवाह जारी राख्न मद्धत गर्दछ। यस प्रविधिले घाइते/बिरामीलाई अस्पताल नपुर्‍याउञ्जेल मृत्युको मुखबाट फर्काउन सक्छ। हृदयघात, पानीमा डुब्नु, विद्युत् झट्का लाग्नु वा दुर्घटना हुँदा केही मिनेटमै मस्तिष्क क्षति भइ मानिसको ज्यान जानसक्छ। सीपीआरले यस्तो अवस्थामा रगत सञ्चार जारी राखेर ज्यान जोगाउँछ।

हेटौंडामा सम्पन्न राष्ट्रिय बक्सिङ प्रतियोगितामा एक खेलाडीले खेलदौरान टाउकोमा चोट लाग्दा ज्यान गुमाए। सायद, तत्काल उपयुक्त उपचार पद्धति नभएर नै त्यस्तो हुन पुगेको बुझिन्छ। पूर्वी मकवानपुर हात्तीसुँडेको एक विद्यालयका क्षमतावान् विद्यार्थी खेलाडी तारा नेगी शरीरमा आवश्यक मात्रामा पोषण नपुगेका कारण बिरामी भए। घरको आर्थिक अवस्था र चेतना अभावका कारण उनी बिरामी भएर हेटौंडा अस्पतालमा भर्ना हुनुपर्ने अवस्था आयो। उनी एथलेटिक्समा जिल्लामा नाम कमाएका विद्यार्थी हुन्, जसले राष्ट्रपति र निङशिल्डमा दर्शकबाट 'चितुवा' को संज्ञा पाएका थिए।

खेल खेल्नुमात्र नभएर स्वस्थ्य रहँदै खेल्नु जरुरी छ। त्यसका लागि खेल्दा आइपर्ने समस्याबारे जानकारीको खाँचो छ। 'यहाँका विभिन्न खेलका खेलाडीलाई स्पोर्टस् चिकित्सा कार्यक्रम हालसम्म राखिएको जानकारी छैन,' नेपालका खेल स्वास्थ्यविज्ञ, हेटौंडा क्याम्पसका सहायक प्राध्यापक तथा बागमती प्रदेशका खेलकुद विकास परिषद्का लेखविज्ञ दीपेन्द्र ढकाल भन्छन्-खेलाडीलाई ज्ञान पटक्कै छैन। यसले खेलाडीलाई ठूलो खतरा देखिन्छ। खेलाडीलाई खेलअगाडि र पछाडि गरिने अभ्यास तथा पोषण (न्युट्रिसन) बारे पनि खासै जानकारी नभएको उनको बुझाइ छ।

खेलमैदानमा खटिने जनशक्तिहरु दक्ष नहुनु पनि अर्को समस्या बनेको छ। नेपाली खेलमा स्पोर्टस् फिजियोको निकै अभाव छ, जसले खेलाडीहरुको पुनर्स्थापनामा ठूलै समस्या हुने गर्छ। पुनर्स्थापनापछि ठूलो चोटपश्चात् उपचारपछि पुनः खेलमा फर्किने प्रक्रिया शुरु हुने गर्दछ। भलिबल, कबड्डी, मार्सल आर्ट जस्ता खेलहरु हलभित्र उपयुक्त कार्पेटमा खेलाउनुपर्नेमा साह्रो जमिनमा खुला ठाउँमा खेलाउँदा टाउको, घुँडा तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लाग्ने गरेको छ। उनले भने-प्रतियोगिताहरु आयोजना गर्दा उचित जनशक्तिहरु परिचाल नगरिनु, पानी बोक्ने व्यक्ति र मैदानभित्र उपचार गर्ने व्यक्ति एउटै हुनु, एम्बुलेन्सलाई तयारीमा नराखिनु, तत्काल उपचारका लागि अतिसामान्य चिकित्सकीय प्रबन्ध मिलाउनु, उपकरणहरु पर्याप्त नहुनु नै नेपाली मैदानका मुख्य समस्याहरु हुन्।

उनले शारीरिक तन्दुरुस्ती परीक्षण पद्धति निकै कमजोर रहेको बताए। 'अझ चोटग्रस्त खेलाडीलाई जबर्जस्ती खेलाउँदा थप गम्भीर चोट लाग्नसक्छ भन्नेमा ध्यान दिने गरि एकै छैन, जित्न पाए भयो,' उनले भने-खेल्दा समस्या भए शरीरको पछाडि भागमा बढी समस्या हुने गर्छ, शरीरका जोर्नीमा असर गर्छ। मांशपेशी फर्किएमा पुरानै अवस्थामा फर्काउन जबर्जस्ती गर्न नहुने उनको भनाइ छ। 'तर, स्थानीयस्तरमा घाइते भए पनि राम्रा खेलाडीलाई प्रशिक्षकले जबर्जस्ती मैदानका छिराउने गर्छन्,' ढकालको गुनासो छ।

खेलाडीलाई खेल्नुपर्ने वार्मअप तथा खेलिसकेपछि कुलडाउनको एक्सरसाइज अनिवार्य रहेको उनले बताए। यहाँ कुनै पनि निकायले खेलाडीलाई ज्ञान नदिएको भन्दै उनले खेल्दा हुने इञ्जुरी र खेलाडीलाई खेलअनुसार आवश्यक पोषणबारे जानकारी गराउने नगरिएको स्वीकार गरे। खेलाडीको तौल, खेलको प्रकृति र खेलाडीले लगाउने जुत्ताले समेत खेलमा प्रभाव पार्ने उनको भनाइ छ। खेलाडीको तौलअनुसार जुत्ता नमिलेको अवस्थामा खुट्टामा समस्या हुने उनले बताए। स्वस्थ्य रहने नाममा बढी शारीरिक अभ्यास गर्नु पनि हानिकारका रहेको उनले सुनाए। शरीरमा पानीको मात्रा तथा मिनरल्सको मात्रा मिल्नुपर्छ। खेल खेल्दा इञ्जुरी भएको ७२ घण्टासम्म चिसो आइसले सेक्नुपर्ने भए पनि केही समय सेकेपछि खेलाडीले वास्ता गर्ने नगरेको उनले बताए। 'यहाँ त सामान्य प्राथमिक उपचारबाहेक केही गरिन्न,' उनी चिन्ता व्यक्त गर्छन्-हालै एक भलिबल खेलाडीलाई कार्टमै चोट लाग्दा त टेबुल छोप्ने कपडालाई स्ट्रेचर बनाएको देखियो।

धेरैजसो जिल्ला र क्षेत्रीयस्तरका खेलमा दक्ष स्पोर्ट्स फिजियो हुने नगरेका कारण गर्दा सानो चोट लागेका खेलाडीलाई पनि गलत मसाज वा व्यायाम गराउँदा चोट झन् बल्झिएर खेलजीवन नै समाप्त भएका कयौं उदाहरण रहेको उल्लेख गरे। चोटपटक लागेपछि खेलाडीमा आउने मानसिक दबाबलाई सम्बोधन गर्न नेपालमा स्पोर्ट्स साइकोलोजिष्टको चरम अभाव छ। यसले गर्दा खेलाडीहरु डिप्रेसनमा जाने वा खेलबाट पलायन हुने गरेका छन्।

उनका अनुसार समस्याका मुख्य कारण स्थानीयस्तरका प्रतियोगितामा त के राष्ट्रियस्तरका खेलमा पनि प्रविधिमैत्री खेल चिकित्सा विधि, दक्ष स्वास्थ्यकर्मी र एम्बुलेन्स हुँदैनन्। बीमाको अभावका कारण खेलाडी घाइते भएपछि उपचार खर्च धान्न नसकेर खेल छाड्न बाध्य हुन्छन्। शल्यक्रिया पछि मैदान फर्किनुअघि गरिने विशेष अभ्यासका लागि नेपालमा आधुनिक सुविधासम्पन्न केन्द्रहरुको अभाव भएकोले खेलाडीले ढुक्कसंग खेलमा संलग्न हुन सकिरहेका छैनन्।

## प्रेस स्वतन्त्रतालाई व्यवहारिकरुपमा कार्यान्वयन गर्नुपर्ने




सन्देश संवाददाता

हेटौंडा/विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा हेटौंडामा प्रेस स्वतन्त्रताको वर्तमान अवस्था, चुनौती र पत्रकारका अधिकारका विषयमा केन्द्रित अन्तर्क्रिया गरिएको छ। नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजनामा भएको कार्यक्रममा सहभागी पत्रकार तथा सरोकारवालाहरुले पछिल्लो समय प्रेस स्वतन्त्रता सुनिश्चित हुनुको सट्टा विभिन्न माध्यमबाट निमोठ्ने काम भइरहेको बताएका छन्।

कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति उपाध्यक्ष हरि हुमागाईले जुनसुकै सरकारले पनि विभिन्न बहानामा प्रेसमाथि अंकुश लगाउने प्रयास गर्दै आएको बताए। उनले लोकतान्त्रिक व्यवस्थामा प्रेस स्वतन्त्रता आधारभुत आवश्यकता भए पनि व्यवहारमा त्यसको पूर्ण प्रत्याभूति हुन नसकेको उल्लेख गरे। उपाध्यक्ष हुमागाईले पछिल्लो समय सामाजिकसञ्जाल र स्थापित सञ्चार माध्यमलाई नागरिकले एउटै दृष्टिकोणबाट हेर्न थालेकाले पत्रकारिताको विश्वसनीयता र जिम्मेवारीमाथि थप चुनौती थपिएको बताए। सामाजिक सञ्जालमा फैलिने अपुष्ट र भ्रामक सामग्रीका कारण पेशागत् पत्रकारिताको मूल्यांकनमा समेत असर परेको उनको भनाइ थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति संस्थापक अध्यक्ष प्रताप बिष्टले सरकारले पत्रकारप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता औंल्याए। उनले पत्रकारिता लोकतन्त्रको महत्वपूर्ण अंग भएकाले राज्यले पत्रकार र सञ्चारक्षेत्रलाई नियन्त्रणको दृष्टिले होइन, सहकार्य र संरक्षणको दृष्टिले हेर्नुपर्ने बताए। महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारीले विश्वव्यापीरुपमा प्रेस स्वतन्त्रता दिवस मनाइएको जानकारी दिँदै पत्रकारहरुले आफ्नो अधिकार, स्वतन्त्रता र पेशागत् सुरक्षाका लागि निरन्तर संघर्ष गर्दै आएको बताए। उनले प्रेस स्वतन्त्रताको महत्वलाई स्मरण गर्दै अधिकार सुनिश्चितताका लागि थप एकजुट हुनुपर्ने धारणा राखे।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपाल मकवानपुर अध्यक्ष रमिला सापकोटा, उपाध्यक्ष कुमारी वाइबा तथा पत्रकार महासंघ मकवानपुर पूर्वअध्यक्ष राममणि दाहाललगायतले प्रेस स्वतन्त्रताको संरक्षण, अभिव्यक्ति स्वतन्त्रताको महत्व र पत्रकारितामाथि बढ्दो चुनौतीका विषयमा आफ्ना धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा सहभागीहरुले प्रेस स्वतन्त्रता पत्रकारको मात्र विषय नभइ नागरिकको सूचना पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको विषय भएकाले यसको संरक्षणमा राज्य, सञ्चार संस्था र नागरिक समाज सबै जिम्मेवार हुनुपर्नेमा जोड दिँदै प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको थियो।

## प्राविधिक जनशक्ति तयारीमा प्रदेश सरकार



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले विभिन्न क्षेत्रका प्राविधिक जनशक्ति तयार गरिरहेको छ। प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत् प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्ले विभिन्न साझेदार संस्थाहरुसँगको सहकार्यमा यस वर्ष ३ सयजना भन्दा बढी औद्योगिक प्रशिक्षार्थी तयार गरेको हो।

परिषद्का कार्यकारी निर्देशक शान्ति लामाका अनुसार यस वर्षमात्र विभिन्न १४ शिक्षालयमा अटोमोबाइल्स, सिभिल इञ्जिनियरिङ (बिल्डिङ कन्स्ट्रक्सन), होटल म्यानेजमेन्ट, इन्फर्मेसन टेक्नोलोजी, बालविकास सहजकर्ता र मेकानिकल इञ्जिनियरिङ विषयमा प्रिडिप्लोमा कोर्स (२४ महिने निःशुल्क तालिम) सञ्चालन भइरहेको छ। सबै कोर्समा एकपटकमा ४० जना भर्ना हुन्छन्।

दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (इन्स्योर) र बागमती प्रदेश उद्योग परिसंघसँगको सहकार्यमा सञ्चालित तालिमका प्रशिक्षार्थीले साढे १९ महिना सम्बन्धित उद्योगमा र साढे तीन महिना शिक्षालयमा बिताउँछन्। 'साढे १९ महिना उद्योगमा नै काम गर्न पाउँछन् र केही कमाइ पनि हुन्छ,' परिषद्का कार्यकारी निर्देशक लामाले भनिन्-एकातिर पढाइसँगै कमाइ पनि हुन्छ, पढाइ पूरा हुँदा सम्बन्धित उद्योगमा नै जागिर सुनिश्चित हुन पनि सक्छ वा अनुभव सहित निस्कन्छ र विदेश नै जान चाहे पनि दक्ष जनशक्तिकारुपमा तयार हुन्छन्।

इन्स्योर परियोजना मूल्यांकन तथा अनुगमन अधिकृत उपेन्द्रराज जोशीका अनुसार प्रशिक्षार्थीले हाजिरी भएको दिनको दैनिक १ सयका दरले भत्ता पाउँछन्। ५२ दिन छुट्टीको सुबिधा छ भने ७ लाख बराबर दुर्घटना बीमा र प्राथमिक उपचार सेवा पनि पाउँछन्। सम्बन्धित उद्योगमा अन द जब ट्रेनिङ (ओजेटी) गर्दा न्यूनतम् शुल्कसमेत उपलबध गराइन्छ।

बागमती प्रदेश उद्योग परिसंघले प्रशिक्षार्थीहरुका लागि कार्यस्थल (उद्योग) को सहजीकरण गर्ने काम गर्छ। परिसंघ वरिष्ठ उपाध्यक्ष दिवस न्यौपानेले स्वदेश तथा विदेशमा प्राविधिक जनशक्तिको उच्च माग भएकाले दत्तचित्त भएर लाग्न प्रशिक्षार्थीहरुलाई अनुरोध गरे। परिसंघ कार्यक्रम अधिकृत कान्छामान तामाङ (नवीन) का अनुसार प्रशिक्षार्थीहरुले उच्चस्तरका होटल, रिसोर्टलगायत विभिन्न उद्योगमा काम गरिरहेका छन्। सोही कार्यक्रमअन्तर्गत् नेपाल बनेपा बहुप्राविधिक शिक्षालयमा होटल म्यानेजमेन्ट कोर्स गरेर हाल आगन्तुक रिसोर्ट बनेपामा काम गरिरहेकी अञ्जना घोरसाइनेले तालिमबाट आफू निकै लाभान्वित भएको तर्क गर्दै स्वदेशमा नै केही गर्ने जाँगर पलाएको बताइन्। रिसोर्टका हरेक विभागमा अनुभव लिएकी उनले बेकरीमा विशेष रुचि भएको सुनाइन्। र व्यवहारिक ज्ञानलाई समाञ्जस्य बनाउन सके प्राविधिक तालिमले जीवनमा ठूलो प्रभाव पार्ने तर्क गरे।

## तीन वर्षे जात्राको अवसरमा सार्वजनिक बिदा




सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको थाहा नगरपालिकामा बज्रवाराही (अजिमा) तीन वर्षे जात्राको अवसर पारेर बैशाख २१ गते सोमबार सार्वजनिक बिदा दिइएको छ। नगर कार्यपालिकाको निर्णयअनुसार स्थानीय संस्कृति र परम्परालाई संरक्षण गर्ने उद्धेश्यले सार्वजनिक बिदा घोषणा गरिएको हो।

नगरपालिका प्रमुख प्रशासकीय अधिकृत निरज पौडेलले जारी गरेको सूचनामा ऐतिहासिक जात्रालाई महत्व दिँदै बिदा दिने निर्णय गरिएको उल्लेख छ। थाहा नगरपालिकाले विगतदेखि नै यस्ता सांस्कृतिक पर्वमा बिदा दिँदै आएको छ। थाहा नगरपालिका-६ स्थित बज्रवाराही क्षेत्रमा तीन वर्षमा एकपटक लाग्ने जात्रा सुरु भइसकेको छ। बैशाख पूर्णिमापछि पर्ने शनिबार बाट सुरु भएको जात्रा तीन दिनसम्म मनाइने परम्परा छ।

जात्राको पहिलो दिन गाउँगाउँबाट देवता ल्याइ पीठमा स्थापना गरिन्छ भने दोस्रो दिन मुख्य पूजाआजा र बलिअर्पण गर्ने गरिन्छ। तेस्रो दिन देवताहरु पुनः गाउँ फर्काउने चलन छ। स्थानीय विश्वासअनुसार बज्रवाराहीको आराधनाले मानवकल्याण हुने मानिन्छ। टिस्टुङ क्षेत्रको प्रमुख इष्टदेवताका रुपमा मानिने बज्रवाराहीलाई विशेष श्रद्धासाथ पूजा गरिन्छ। काठमाडौं उपत्यकालाई रक्षा गर्ने चार बाराहीमध्ये ललितपुर स्थित बज्रवाराहीसँग यस स्थानको धार्मिक सम्बन्ध जोडिने विश्वास पनि छ। जात्रा व्यवस्थापन वडा कार्यालय र स्थानीय गुठी समितिले गर्दै आएका छन्। हरेक तीन वर्षमा आयोजना हुने पर्वमा आसपासका क्षेत्रसहित काठमाडौं उपत्यकाबाट समेत भक्तजनको उल्लेख्य सहभागिता रहने गरेको छ।

## एमआरपीपछि रोकिए सयौं मालबाहक सवारी



सन्देश संवाददाता

बुटवल/सरकारले आयातित सामानमा अधिकतम् खुद्रा मूल्य (एमआरपी) अनिवार्य लागु गर्ने निर्णय गरेपछि रुपन्देहीको भैरहवा नाकामा सयौं मालबाहक सवारी रोकिएका छन्। सरकारले शासकीय सुधारका १ सय बुँदे कार्यसूचीअन्तर्गत् बजारमा एमआरपी अनिवार्य कार्यान्वयन गर्ने निर्णय गरेको थियो।

सोहीअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चैत ३० गतेदेखि १५ दिनको समयसीमा दिएर आयात हुने सबै वस्तुमा भन्सार पास हुँदाकै बेला एमआरपी उल्लेख गर्न निर्देशन दिएको थियो। उक्त व्यवस्था बैशाख १५ गतेदेखि लागु गरिएको हो। एमआरपी कार्यान्वयनसँगै भैरहवा भन्सार कार्यालयपरिसर र भारततर्फको सुनौली क्षेत्रमा करिब चारदेखि पाँच सय मालबाहक सवारी रोकिएका छन्।

भैरहवा भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले एमआरपी उल्लेख नभएका सामान भन्सार पास नगर्ने नीतिअनुसार गाडी रोकिएको बताए। उनका अनुसार उद्योगका कच्चापदार्थ, मेसिनरी, तरकारी तथा फलफूलमा भने एमआरपी आवश्यक नपर्ने भएकाले ती सामग्री रोकिने छैनन्। तर, व्यवसायीहरुले उक्त व्यवस्था व्यवहारिक नभएको बताएका छन्।

नेपाल भन्सार एजेन्ट संघ रुपन्देही अध्यक्ष मधुप्रसाद पन्थीले तेस्रो मुलुकबाट सामान ल्याउँदा ६० देखि ९० दिन वा कहिलेकाहीं ६ महिनासम्म लाग्ने भएकाले छोटो समयमै एमआरपी लागु गर्न कठिन हुने बताए। नेपाल उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेश अध्यक्ष ठाकुर कुमार श्रेष्ठले पनि चीनजस्ता देशमा एमआरपी प्रणाली नै नभएकाले कार्यान्वयन चुनौतीपूर्ण भएको बताए। 'भारतमा एउटै सामान फरक मूल्यमा विभिन्न स्थानबाट खरिद हुन्छ। यस्तो अवस्थामा एउटै एमआरपी कसरी निर्धारण गर्ने ?,' उनले प्रश्न गरे। व्यवसायीले तत्काल सहजीकरण आवश्यक रहेको बताएका छन्।

## बस्ती खाली गर्ने चेष्टा गरे जनप्रतिनिधिहरु सडकमा आन्दोलित




सन्देश संवाददाता

हेटौंडा/अव्यवस्थित बसोबासी, सुकुम्बासी र दलित सुकुम्बासीलाई लालपुर्जा दिने गरी अघिल्ला सरकारले सुरु गरेको कामकारबाही स्थगन गरेर बस्ती खाली गर्ने चेष्टा गरे जनप्रतिनिधिहरु नै सडकमा आएर आन्दोलित हुने मनहरी गाउँपालिका-७ वडा अध्यक्ष ठाकुरराम तितुङले घोषणा गरेका छन्।

काठमाडौंका सुकुम्बासी बस्तीहरु हटाएको सन्दर्भलाई जोडेर मनहरी गाउँपालिकामा पनि त्यस्तै व्यवहार सरकारले गरे आफूहरु राजीनामा दिएर सडकमा उत्रने उनको दाबी थियो। 'हामीले २०७७ चैत २८ गतेदेखि मनहरी गाउँपालिकामा अव्यवस्थित बसोबासी, सुकुम्बासी र दलित सुकुम्बासीहरुको अभिलेखीकरण गरी लालपुर्जा प्राप्तिका लागि प्रक्रिया अघि बढाएका हौं,' वडा अध्यक्ष तितुङको भनाइ थियो-संघीय सरकारकै निर्देशनमा भूमि समस्या हल गर्नका लागि ८० प्रतिशत्भन्दा बढी काम भइसकेको छ।

अघिल्लो स्थानीय सरकारको पालमा सुरु भएको भूमि समस्यासम्बन्धि अभिलेखीकरण, डिजिटाइजेसन र दाबीविरोधलगायत कामहरु हालको स्थानीय सरकारले पनि निरन्तरता दिएको र अब जग्गानापी गर्ने प्रक्रियामात्र बाँकी रहँदा संघीय सरकारले डोजर लगाएर बस्ती खाली गर्ने होहल्ला गरेर जनतालाई त्रासमा धकेल्न नहुने उनले बताए। 'काठमाडौंको घटनाले मनहरीमा पनि असर परेको छ,' वडा अध्यक्ष तितुङको भनाइ थियो -सरकारको काम त्रास फैलाउने होइन, जनतालाई सुबिधा दिने हो, व्यवस्थापन गर्ने हो।

नपुगेका प्रक्रियाहरु पूरा गरेर तत्काल अव्यवस्थित बसोबासी, भूमिहीन सुकुम्बासी र दलित सुकुम्बासीलाई लालपुर्जा दिने गरी संघीय सरकारले काम गर्नुपर्ने भन्दै वडा अध्यक्ष तितुङले यदि जनताको भावनाविपरीत गएर सरकारले बस्तीमा त्रास उत्पन्न गर्न खोजे पदबाट राजीनामा दिएर जनताको पक्षमा सडकमा आउने बताए। 'हामी भुइँतहमा काम गरेका जनप्रतिनिधिहरुले यस कुरालाई गम्भीरतासाथ बुझेर संघीय र प्रदेश सरकारलाई सल्लाह दिनुपर्छ,' वडा अध्यक्ष तितुङको भनाइ थियो-मनहरीका ८ हजार बढी घरपरिवारको लालपुर्जा पाउने अधिकारमाथि कसैले धावा बोल्छ भने कडा आन्दोलन जरुरी हुनेछ।

## बागमती प्रदेशका ३४ रुग्ण योजना निर्माण सुरु

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत लामो समयदेखि अलपत्र अवस्थामा रहेका रुग्ण आयोजनाहरु मध्ये ३४ वटाको निर्माण कार्य पुनः सुरु भएको बताईएको छ।

कुल ४३ वटा रुग्ण योजनाहरु मध्ये अधिकांशमा काम अघि बढाइएको मन्त्रालयले जनाएको छ। मन्त्रालयको 'रुग्ण आयोजना पहिले सक्ने' नीतिअनुसार पूर्वाधार विकास कार्यालय मकवानपुरअन्तर्गत पर्ने विभिन्न योजनाहरुले गति लिन थालेका हुन्। मकवानपुरगढीको सामरी, सिक्रे दोभान, लालभ्काडी पुल तथा राप्ती कोरिडोरलगायतका आयोजनाहरु पुनः सञ्चालनमा आएको मन्त्रालयको दावी छ।

हेटौंडा उपमहानगरपालिका-६ र ७ जोड्ने भाङटार खहरे खोलाको बक्सपुल निर्माण अन्तिम चरणमा पुगेको छ। उपमहानगरपालिकाले सुरु गरेको तर अधुरो रहेको उक्त पुल प्रदेश सरकारले करिब एक करोड ७९ लाख रुपियां विनियोजन गरेपछि सम्पन्न हुने अवस्थामा पुगेको हो। करिब १८ मिटर लम्बाइ र ८.४० मिटर चौडाइ रहेको पुलमा रेलिङ राख्ने काम मात्रै बांकी छ।

त्यसैगरी डिजाइन समस्याका कारण सुस्त बनेको हेटौंडा-१ स्थित राप्तीखोलामा लालभ्काडी जोड्ने पुलको निर्माण पनि तीव्र गतिमाअघि बढेको छ। तीनमध्ये दुई स्पानको ढलान सम्पन्न भइसकेको छ भने तेस्रो स्पानको काम सुरु हुने तयारीमा रहेको जनाइएको छ। हालसम्म ५९ प्रतिशत भौतिक प्रगति भएको उक्त पुलको लागत करिब नौ करोड ३२ लाख रहेको छ।

चौकीटोलदेखि राप्ती पुलसम्मको २.३४ किलोमिटर राप्ती कोरिडोर निर्माण पनि डिजाइन र सीमा विवाद समाधानपछि तीव्र गतिमा भइरहेको छ। आयोजनाको हालसम्म ६३ प्रतिशत भौतिक प्रगति भएको छ। यसैगरी हेटौंडा-१७ र १८ जोड्ने कर्राखोलाको पुल ८८ प्रतिशत सम्पन्न भएर पनि अदालती प्रक्रियाका कारण रोकिएकोमा अब विवाद समाधान भएसागै काम पुनः सुरु हुने भएको छ।

यसैगरी चक्रपथ परियोजना अन्तर्गत हेटौंडा-१४ र १५ को खहरे क्षेत्रमा ढलान, फुटपाथ र ग्याबियन वाल निर्माण कार्य भइरहेको छ। हालसम्म उक्त योजनाको भौतिक प्रगति ३८ प्रतिशत पुगेको छ। भौतिक पूर्वाधार विकासमन्त्री डा. दिनेशचन्द्र देवकोटाले योजना तोकिएको समयसीमाभित्र सम्पन्न गर्न निर्देशन दिएका हुन्। उनले आवश्यकताअनुसार कामदार थपेर भएपनि निर्माण कार्यलाई गति दिन निर्माण व्यवसायीलाईसमेत निर्देशन दिएका हुन्।

**उखान:** बाँसको हलो हुँदैन।

**बेलाको बोली**

म जिन्दगीमा पटक पटक असफल भए यसैले त आज म सर्वाधिक सफल हुन सके।

*– माइकल जोर्डन*

## सम्पादकीय

# सामाजिक सञ्जाल नियमन गर

*हालै अस्ट्रेलियाले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय गरेपछि यो विषयमा विश्वव्यापी बहसको क्रम सुरू भएको छ । अस्ट्रेलियाको कदम आकस्मिक प्रतिक्रिया भने होइन । विभिन्न अन्तर्राष्ट्रिय अध्ययनअनुसार १३–१७ वर्षका करिब ९५ प्रतिशत किशोरकिशोरी कुनै न कुनै सामाजिक सञ्जालमा सक्रिय छन् र झण्डै एकतिहाइले “लगभग निरन्तर” अनलाइन रहने गर्छन् । सामाजिक सञ्जालको अत्यधिक प्रयोगले चिन्ता, अवसाद र आत्मसम्मानमा गिरावट ल्याउने जोखिम बढाउने तथ्यहरू विश्व स्वास्थ्य संगठन लगायतका निकायले पनि औंल्याएका छन् । अस्ट्रेलियाको पहलसँगै फ्रान्स र बेलायतजस्ता मुलुकहरूमा पनि उमेरमा आधारित पहुँच नियन्त्रण र कडा नियमनबारे बहस तीव्र भएको छ । यी मुलुकहरूले डिजिटल प्लेटफर्मलाई अभिव्यक्ति स्वतन्त्रताको माध्यममात्र नभई सार्वजनिक स्वास्थ्यसँग सम्बन्धित विषयका रूपमा लिन थालेका छन् ।*

*नेपालमा पनि पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालको प्रयोग तीव्ररूपमा बढेको छ । नेपाल दूरसञ्चार प्राधिकरणकाअनुसार इन्टरनेट पहुँच करिब ९० प्रतिशत पुगेको छ र प्रयोगकर्तामध्ये ठूलो हिस्सा युवापुस्ताको छ । यद्यपि, डिजिटल साक्षरता सोही अनुपातमा बढ्न सकेको छैन । परिणामस्वरूप, घृणात्मक अभिव्यक्ति, साइबर बुलिङ, भ्रामक सूचना र उत्तेजक सामग्रीको प्रसार तीव्ररुपमा भएको देखिन्छ । विशेषगरी विद्यालय तहका बालबालिका प्रत्यक्षरुपमा यसबाट प्रभावित भइरहेका छन् ।*

*यस सन्दर्भमा नेपालले अब ‘पर्ख र हेर’को नीति त्याग्नुपर्छ । नियमनको अर्थ पूर्ण प्रतिबन्ध होइन । यस्तै शैक्षिक उपलब्धिमा सामाजिक सञ्जालको प्रयोग उपयोगी पनि हुनसक्छ । यसैले उमेर प्रमाणीकरण, सामग्री चयन, डिजिटल साक्षरता अभिवृद्धि र अभिभावकीय निगरानीजस्ता उपायहरूको सन्तुलित प्रयोग आवश्यक छ । बालबालिकाको हितलाई केन्द्रमा राखेर नीतिगत हस्तक्षेप गर्न सकिएमात्र डिजिटल प्रविधि सुरक्षित र दीगोरूपमा उपयोगी हुनसक्छ । सामाजिक सञ्जालको प्रयोग गरेर बिभिन्न असामाजिक क्रियाकलाप हुदै आईरहेकोमा अवका दिनमा यसलाई भरपर्दो माध्यमका रूपमा प्रयोग गर्ने बारेमा बहस चलाउन अव ढिला गर्नु हुंदैन ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक निखारता आउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। | **बृष** | बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ। सानो प्रयत्नले काम बन्नेछ। साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। |
| **मिथुन** | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ। तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन्। | **कर्कट** | धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवन शैलीमा परिवर्तन ल्याउनेछ। विशेष काममा जग बसाउने योग छ। |
| **सिंह** | शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ। विभिन्न प्रवृत्त भइनेछ । बिगतका कर्मको सामान्य प्रतिफल प्राप्त हुनेछ। | **कन्या** | खर्च लागे पनि हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। पुरुषार्थले सकिनेछ । पहिले विरोध गर्नेहरूले नै मित्रताका हात अघि बढाउने छन्। |
| **तुला** | आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। | **बृश्चिक** | काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ शत्रुहरू किनारा लाग्नेछन्। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ |
| **धनु** | विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन्। | **मकर** | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ लगनशीलताले परिस्थितिलाई बदल्नेछ । काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ। |
| **कुम्भ** | गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा वर्चस्व बढ्नेछ। व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुहोला। | **मिन** | गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१९०३
बिज्ञापन शाखा : ९८६७४११३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# दुईदिने बिदाको कार्यान्वयनमा सकस

✍ विश्वनाथ खरेल

नेपाल सरकारले गत २२ चैत २०८२ मा मन्त्रिपरिषद्को बैठकबाट सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा हप्तामा दुई दिन शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ। यो निर्णय चैत २३ गतेदेखि लागू भएको छ । कार्यालय समयलाई बिहान ९ देखि बेलुका ५ बजेसम्म कायम गरी साताको ४० घण्टा काम गर्ने व्यवस्था गरिएको छ । यो कदम मुख्यरूपमा पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको गम्भीर संकट सामना गर्नका लागि लिइएको हो। पश्चिम एसियाको भूराजनीतिक तनाव, अमेरिका–इरान द्वन्द्वले विश्वव्यापी इन्धन आपूर्तिमा असर पारेको सन्दर्भमा नेपालजस्तो इन्धन आयातमा पूर्ण निर्भर देशले इन्धन खपत घटाउने र यातायात चाप व्यवस्थापन गर्ने उद्देश्यले यो नीति अपनाएको छ।

विश्वका धेरै विकसित देशहरूमा दुईदिने बिदा लामो समयदेखि सफलतापूर्वक लागू भइ–रहेको छ। यसले कर्मचारीको उत्पादकत्व बढाउने, कार्य–जीवनमा सन्तुलन कायम गर्ने र आर्थिक गतिविधिलाई पनि सकारात्मक प्रभाव पार्ने देखिएको छ । तर, नेपालजस्तो विकासोन्मुख, भौगोलिक रूपमा बिकट र पूर्वाधारको दृष्टिले कमजोर देशमा यो निर्णय कार्यान्वयन गर्नु सजिलो छैन । यो तेस्रो पटकको प्रयास हो । पहिलो पटक २०५६ सालमा र दोस्रो पटक २०७७ र २०७९ मा यस्तै निर्णय गरिए पनि केही महिनामै फिर्ता लिनुपरेको थियो । बिगतका असफलताबाट पाठ सिकेर यो पटक दीर्घकालीनरूपमा सफल बनाउने चुनौती सरकारसामु छ। यो निर्णय लोकप्रिय देखिए पनि व्यावहारिक कार्यान्वयनमा यसले निम्त्याउने जटिलताहरूले नेपालको प्रशासनिक प्रणाली, नागरिक सेवा र समग्र विकासमा कस्तो असर पार्छ भन्ने प्रश्न उठेको छ।

**बिगतका प्रयासहरु :**

नेपालमा साप्ताहिक बिदाको परम्परा शनिबारमा सीमित थियो। हिन्दू संस्कृतिअनुसार शनिबारलाई आरामको दिन मानिन्थ्यो । तर, आधुनिक कार्यसंस्कृति र वैश्विक मान्यतासँग तालमेल मिलाउन दुईदिने बिदाको चर्चा लामो समयदेखि हुँदै आएको छ। २०५६ सालमा काठमाडौँ उपत्यकामा सीमितरूपमा यो नीति लागू गरियो । प्रशासन सुधार आयोगको सिफारिसअनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य थियो। तर, कर्मचारी अनुशासन, उत्पादकत्व र सेवाग्राहीको असुविधाका कारण दुई वर्षभित्रै स्थगित भयो।

त्यसरी नै २०७७ सालमा दोस्रो प्रयास भयो। आन्तरिक पर्यटन प्रवर्द्धन, इन्धन बचत र लैंगिक समानता कायम गर्ने उद्देश्यले यो नीति ल्याइयो। १ अर्ब ६५ करोड रुपैयाँ बचत हुने र ८ लाखभन्दा बढी नागरिक भ्रमणमा निस्कने अनुमान थियो। तर, सामान्य प्रशासन मन्त्रालयको विरोध र कार्यान्वयन चुनौतीका कारण यो पनि टिकेन। २०७९ मा इन्धन संकटका बेला फेरि छोटो समय लागू गरियो। तर, एक महिनामै फिर्ता लिइयो। यी बिगतका अनुभवले स्पष्ट सन्देश दिन्छन् कि नीति राम्रो भए पनि कार्यान्वयन तयारी, अनुगमन र पूर्वाधार अभावले असफलता निम्त्याउँछ । हालको तेस्रो प्रयास इन्धन संकटको तत्कालीन समाधानका रूपमा आएको छ। यसलाई दीर्घकालीन बनाउने हो भने विगतका कमजोरी सुधार्नुपर्छ।

**निर्णयको सन्दर्भ र प्रारम्भिक प्रभाव :**

इन्धन संकटले नेपालको अर्थतन्त्रलाई गम्भीर दबाब दिएको छ। नेपाल पूर्णरूपमा भारत बाट इन्धन आयात गर्छ। विश्व बजारमा मूल्यवृद्धि र आपूर्ति अवरोधले यातायात, उद्योग र दैनिक जीवन प्रभावित छ। सरकारले यसलाई व्यवस्थापन गर्न दुईदिने बिदा रोज्यो । यसले इन्धन खपत घटाउने, यातायात चाप कम गर्ने र कर्मचारीलाई आराम दिने अपेक्षा गरिएको छ। तर, कार्यान्वयनको पहिलो साताबाटै चुनौती देखिन थालेको छ । सरकारी कार्यालयहरू शुक्रबार साँझ बन्द भएपछि सेवाग्राहीले सोमबारसम्म पर्खनुपर्ने अवस्था श्रृजना भएको छ। दुर्गम जिल्लाबाट काठमाडौँ वा सदर मुकाम आउने नागरिकलाई यो थप बोझ बनेको छ। शैक्षिक संस्थाहरूमा पनि पाठ्यक्रम पूरा गर्न समस्या देखिएको छ।

***कार्यान्वयनका मुख्य चुनौती :***

**सेवाप्रवाहमा चुनौती:**

नेपालको प्रशासनिक संरचना अझै कागजी र भौतिक उपस्थितिमा निर्भर छ। डिजिटल सेवाको विकास अपर्याप्त छ। ग्रामिण क्षेत्रबाट सेवा लिन आउने नागरिकले शुक्रबार पुग्दा काम नसकेर तीन दिन कुर्नुपर्ने अवस्था छ । यातायात खर्च, बसोबास समस्या, ज्यालादारी गुमाउने र मानसिक तनाव बढ्ने जोखिम छ। यो निर्णय दुर्गम नागरिक का लागि सुविधाभन्दा सास्ती बन्न सक्छ। सेवाप्रवाह ढिलो हुने, फाइल पेन्डिङ बढ्ने र भ्रष्टाचारको अवसर बढ्ने सम्भावना छ।

**शैक्षिक क्षेत्रमा चुनौती:**

शैक्षिक संस्थाहरूमा यो निर्णयको सबैभन्दा ठूलो प्रभाव परेको छ । नेपालमा विद्यालयहरूले न्यूनतम १ सय ९२ देखि २ सय ५ दिन पठनपाठन गर्नुपर्ने कानुनी व्यवस्था छ । दुई दिन बिदाले वार्षिक पढाइ दिन घट्छ। पाठ्यक्रम पूरा गर्न, परीक्षा सञ्चालन गर्न र शैक्षिक सत्र व्यवस्थापन गर्न समस्या हुन्छ। पाठ्यक्रम अन्तर्राष्ट्रियस्तरको छ। ढिलो सत्र सुरु भएमा विद्यार्थीको सिकाइ उपलब्धि घट्छ। कामकाजी अभिभावकका लागि बालबालिकाको व्यवस्थापन चुनौतीपूर्ण छ। दुई दिन घरमा एक्लै रहँदा मोबाइल/कम्प्युटरको अत्यधिक प्रयोग, खराब बानी र सुरक्षा जोखिम बढ्ने चिन्ता छ। ग्रामीण क्षेत्रमा अभिभावक कृषि–ज्यालादारीमा व्यस्त हुन्छन्। यो निर्णयले शिक्षा गुणस्तरमा दीर्घकालीन असर पार्न सक्छ।

**स्वास्थ्य र अत्यावश्यक सेवामा चुनौती:**

सरकारी अस्पतालहरूमा कार्यालय समय ९–५ बनाइए पनि आपत्कालीन सेवा कसरी सञ्चालन गर्ने ? स्वास्थ्य मन्त्रालयले आन्तरिक छलफल गरी निर्णय गर्ने तयारी गरेको छ। तर, चिकित्सक संघले स्वागत गरे पनि व्यावहारिक रूपमा डाक्टर, नर्स र स्टाफको उपस्थिति घट्दा बिरामी सेवा प्रभावित हुन सक्छ। शिक्षण अस्पतालहरूले समय समायोजन गरे पनि आपत्कालीन कक्ष, प्रसूति र गम्भीर बिरामीको उपचारमा ढिलाइ हुन सक्छ।

**प्रशासनिक र कर्मचारी व्यवस्थापन चुनौती**

कर्मचारीको कार्यघण्टा घटे पनि उत्पादकत्व बढ्ने ग्यारेन्टी छैन। विगतमा देखिएको अनुशासनहीनता, ढिलो कार्यशैली र सरकारी काम कहिले जाला घाम भन्ने संस्कृति अझै कायम छ। अनुगमन प्रणाली कमजोर छ। यदि पांच दिनमा ४० घण्टा काम प्रभावकारी भएन भने सेवाग्राहीको चाप बढेर कार्यालयमा भीड हुन्छ । जनशक्ति अभाव र तालिमको कमीले पनि समस्या निम्त्याउँछ।

**आर्थिक र निजी क्षेत्रमा चुनौती:**

सरकारी क्षेत्रमा मात्र लागू भए पनि निजी क्षेत्र प्रभावित हुन्छ। बैंक, उद्योग, पर्यटन क्षेत्रले समन्वय गर्नुपर्छ । निजी क्षेत्रले ८५ प्रतिशत रोजगारी र अर्थतन्त्रमा ठूलो योगदान गर्छ। यदि निजी क्षेत्रले दुई दिन बिदा नमानेमा असमानता बढ्छ। पर्यटन क्षेत्रलाई सकारात्मक प्रभाव पर्न सक्छ तर यातायात र आपूर्ति श्रृंखला प्रभावित हुन्छ। दैनिक ज्यालादारी गर्नेहरू (निर्माण, कृषि) लाई आय घट्ने समस्या छ । समग्रमा जिडिपी वृद्धिमा अल्पकालीन असर पर्न सक्छ।

**सामाजिक, सांस्कृतिक र पूर्वाधार चुनौती:**

नेपालमा पहिले नै ३५ दिन सार्वजनिक बिदा, १५ दिन क्षेत्रीय पर्व र शनिबार बिदा हुन्छ। कुल बिदा १४५ दिन नाघ्छ। थप दुई दिनले काम गर्ने दिन घट्छ। सांस्कृतिकरूपमा आइतबार कुनै समुदाय (इसाई) लाई आरामको दिन हो तर हिन्दू–बौद्ध बहुल देशमा शनिबार परम्परागत छ। पूर्वाधार अभाव (सडक, इन्टरनेट, डिजिटल सेवा) ले भौतिक उपस्थिति अनिवार्य बनाउँछ। दुर्गम क्षेत्रमा यातायात नियमित छैन। डिजिटल नेपालको सपना पूरा नभएसम्म यो नीति चुनौतीपूर्ण छ। लैङ्गिक असमानता पनि बढ्न सक्छ, जब महिला कर्मचारी र अभिभावक बढी प्रभावित हुन्छन्।

**निजी क्षेत्र र अन्य क्षेत्रको प्रभाव:**

निजी क्षेत्रमा अनिवार्य नभए पनि दबाब पर्छ। केही क्षेत्र (पर्यटन) ले फाइदा लिन सक्छन् तर निर्माण, उत्पादन र सेवा क्षेत्रमा ढिलाइ हुन्छ।

**बिगतका अनुभवबाट सिकाइ र जोखिम:**

बिगतका दुई प्रयास असफल भएका मुख्य कारण थिए। जसमा तयारी अभाव, अनुगमन नहुने, नागरिक असुविधा आदि हुन्। यो पटक पनि यदि इन्धन संकट समाधान भएपछि नीति फिर्ता लिइयो भने विश्वसनीयता घट्छ। दीर्घकालीनरूपमा सफल बनाउन कर्मचारी तालिम, डिजिटल पूर्वाधार, कार्यसम्पादन मूल्यांकन र नागरिक केन्द्रित सेवा प्रवाह सुधार आवश्यक छ । उत्पादकत्व ह्रास, भ्रष्टाचार वृद्धि, शिक्षाको गुणस्तर घट्ने, स्वास्थ्य सेवा अवरुद्ध, आर्थिक मन्दी आदि हुन्छ।

***निष्कर्ष :***

दुईदिने बिदा आधुनिक र कर्मचारीमैत्री निर्णय हो। तर, यो नेपालको सन्दर्भमा कार्यान्वयन चुनौतीपूर्ण छ। मूलतः इन्धन संकटको तत्कालीन समाधानका रूपमा राम्रो भए पनि दीर्घकालीन सफलता पूर्वाधार, तयारी र अनुगमनमा निर्भर छ। चुनौतीलाई सम्बोधन गरिएन भने यो निर्णय पुनः असफल हुने र नागरिकमा निराशा बढ्ने खतरा छ। अतः सरकारले बिगतबाट सिकेर नागरिक केन्द्रित र व्यावहारिक कार्यान्वयन गर्नुपर्छ। यसले मात्र नेपाललाई आधुनिक कार्यसंस्कृतितर्फ लैजान सक्दछ।

*साभार : कारोबार दैनिक*

# नैतिक शिक्षा किन र कसरी ?



✍ जीतबहादुर शाह

अहिले मानिसहरुले नैतिक शिक्षाको माग गरिरहेका देखिन्छन् । सरकारले नैतिक शिक्षा हटाएको कारणले आफ्ना बालबालिकाहरु अनैतिक भएको कुरा उठाएर अभिभावकले सरकारतिर धारे हात लगाइरहेका छन् । यस्तै परिवेशलाई परिलक्षित गर्दै मैले फेसबुकमा ‘नैतिक शिक्षा किताबमा लेखेर घोकाउने विषय त होइन हजुर, यो त घरका अभिभावक र विद्यालयका शिक्षकहरुले असल व्यवहारको प्रदर्शन गरेर सिक्ने सिकाउने विषय हो ।’ भनेको थिए । मेरो भनाइमा अलि चित्त नबुझेर होला एकजना मित्रले कमेन्टमा ‘विज्ञान पनि ल्यावमा पढाउने विषय होला है सर किताव बनाएर सरकारले फोकटिया खर्च बढाएको छ ।’ मलाई उहाँको कुरा पनि चित्त बुझ्यो । यी दुबै विषयहरु किताव नभए पनि पढ्न मिल्ने र सिक्न सकिने विषयहरु हुन्। यसको मतलव किताव चाहिदै नचाहिने भन्ने पनि होइन । प्रमुख कुरा यसप्रकारका विषयहरुका कितावभन्दा पनि यसको व्यवहारिक पक्ष महत्वपूर्ण हुने गर्दछ ।

नैतिक शिक्षा केवल नियमहरूको संग्रह वा सही र गलतको सूची मात्र होइन। यो कुनै अर्ति उपदेशले भरिएको बधुशिक्षा वा मनुस्मृति पनि होइन । यो त मानिसको चरित्र निर्माण गर्ने र भित्री विवेकलाई जागृत गराउने एउटा प्रक्रिया हो । मेरा विचारमा नैतिक शिक्षा त्यस्तो शिक्षा हो जसले व्यक्तिलाई इमानदार, दयालु र जिम्मेवार बन्न सिकाउँछ। बाहिरी दबाबबिना नै जब व्यक्तिले आफ्नो स्वविवेकले उचित निर्णय लिन्छ, त्यही नै वास्तविक नैतिक शिक्षाको उपलब्धि हो । मानवीय सेवा, परोपकार, सम्मान र सहिष्णुता जस्ता मानवीय मूल्यहरूलाई व्यवहारमा उतार्नु यसको मुख्य उद्देश्य हो । यसले ‘म’ भन्दामाथि उठेर ‘हामी’ र समाजको हितमा सोच्न प्रेरित गर्दछ । हाम्रो पूर्वीय दर्शनमा भनिए झैं, यसले बौद्धिक विकाससँगै आत्मिक र मानसिक विकासलाई पनि जोड्छ । शिक्षाले केवल जीविकोपार्जन गर्न मात्र होइन, मरणोपरान्तसम्मको जीवन जिउने कला पनि सिकाउने गर्दछ । समाजका विभिन्न विचार र संस्कृतिप्रति आदरभाव राख्दै शान्तिपूर्ण सह–अस्तित्व कायम गर्न नैतिक शिक्षाले पुलको काम गर्छ । अझै स्पष्टरुपमा भन्नु पर्दा जसरी एउटा रुखको बलियो आधार त्यसको जरामा हुन्छ, त्यसरी नै एउटा सभ्य समाजको आधार त्यहाँका नागरिकको नैतिक धरातलमा हुन्छ। विद्यालयको पाठ्यक्रमदेखि घरको वातावरणसम्म, जहाँ सका–रात्मक व्यवहार र सत्यको अभ्यास गरिन्छ, त्यहाँ नै वास्तविक नैतिक शिक्षा जीवित हुन्छ ।

नैतिक शिक्षालाई कतिपयले धार्मिक शिक्षा पनि भन्ने गर्दछन् भने कतिपयले यसलाई मानव मूल्य शिक्षा हो भनेर पनि बुझ्ने गर्दछन् । मलाई पनि नैतिक शिक्षा धर्मसँग जोडिएर अघि बढ्यो भने यसको मार्ग साँघुरो हुन्छ कि जस्तो लाग्छ। किन कि एउटा धर्म र अर्को धर्मका आचरण र क्रियाकलापहरुमा भिन्नता मात्र नभइ धर्मका भक्तहरुको बीचमा मतभिन्नताहरु पनि हुने गर्दछन्। यिनै भिन्नता र मतभिन्नताहरुकै कारणले धार्मिक युद्धहरु निम्तिएका अवस्थाहरु पनि छन्। जुन धार्मिक युद्धहरुमा हजारौं मानिसले ज्यान गुमाउनुपर्‍यो र साना बालबालिकाले अनाथ भएर कहालीलाग्दो जीवन बिताउनु पर्‍यो । बरु नैतिक शिक्षालाई मानव मूल्य शिक्षासँग आवद्ध गरेर बुझ्ने हो भने यसको अर्थ व्यापक लाग्ने गर्दछ । यो भनेको मानिसले मानिसलाई मानिसकै निम्ति न्याय गर्ने शिक्षा हो भनेर बुझ्ने गरिएको छ। मानिस जुनसुकै धर्म, जाति, सम्प्रदाय र मुलुकको भए पनि मानिसले मानिसलाई संरक्षण र कल्याण गर्ने शिक्षा भनेको मानव मूल्य शिक्षा हो, मानिसले मानिसलाई पीडामा देख्यो भने उसलाई पीडामुक्त गर्नका लागि अर्को मानिसभित्र करुणा र सहदयताको जागरण गर्ने शिक्षा भनेको मानव मूल्य शिक्षा हो। त्यही भएर हिजोआज नैतिक शिक्षालाई मानव मूल्य शिक्षा भनेर बुझ्ने गरिन्छ र तदनुसार सिक्ने सिकाउने पनि गरिन्छ ।

धर्मले नैतिकता सिकाउनका लागि एउटा बलियो आधार र अनुशासन प्रदान त गर्छ नै। धेरै मानिसले धर्मको माध्यमबाटै इमानदारी र करुणा जस्ता गुणहरू पनि सिक्छन् तथापि यसले उचाइमा गएर एउटा धर्म मान्ने र अर्को धर्म मान्नेहरुको बीचमा सदासयता प्रकट गर्न सकिएन र एउटा धर्मले अर्को धर्मको बिउ मास्नतिर लाग्ने हो भने नैतिक शिक्षाको अर्थमा संकुचन देखा पर्दछ । अत:धर्मसँग जोडिएको नैतिकताले कहिलेकाहीं बाटो विराएर मानवताको विरुद्धमा पनि उभिने हो कि भन्ने भय देखापर्दछ । वास्तवमै नैतिकता वा नैतिक शिक्षा भनेको त माथि उल्लेख गरिएझैं जीवन जिउने कला हो, जुन धार्मिक हुन पनि सक्छ र नहुन पनि सक्छ। एउटा व्यक्ति कुनै पनि धर्ममा आस्था नराखी पनि अत्यन्तै नैतिकवान् हुन सक्छ। हामीले अहिले खोजेको नैतिक शिक्षा भनेको त्यही हो जसले मानिसलाई मानवीय व्यवहार र संवेदनाले सिञ्चित गरेको हुन्छ। त्यसैले, नैतिक शिक्षालाई कुनै एउटा धर्मको घेराभित्र मात्र सीमित राख्नु हुँदैन’ यो त मानिसलाई ‘मानिस’ बनाउने व्यापक प्रक्रिया हो ।

मानव मूल्य शिक्षाको प्रकृति र उद्देश्यलाई हेर्दा, यो नैतिक शिक्षासँग बढी नजिक देखिन्छ । यद्यपि, धार्मिक शिक्षा, नैतिक शिक्षा र मानव मूल्य शिक्षा यी तीनवटै अवधारणा एकअर्कासँग जेलिएका छन् तर यिनीहरूको कार्यक्षेत्र र दृष्टि–कोणमा केही आधारभूत भिन्नताहरू पनि छन् । मानव मूल्य शिक्षाले सत्य, सद्ब्यहार, शान्ति, प्रेम र अहिंसा जस्ता आधारभूत मूल्यहरूमा जोड दिन्छ। यी मूल्यहरू कुनै विशेष भूगोल वा धर्ममा मात्र सीमित हुँदैनन् । नैतिक शिक्षाले पनि यही विश्वव्यापी मान्यतालाई आत्मसात् गर्छ, त्यसैले यी दुईबीच गहिरो तादात्म्य देखिन्छ । धार्मिक शिक्षाले प्राय:अलौकिक शक्ति, परम्परा र निश्चित नियमहरूको पालनामा जोड दिन्छ । यसको केन्द्रबिन्दु ‘आस्था’ हो । नैतिक शिक्षा र मानव मूल्य शिक्षा, यी दुबैको केन्द्रबिन्दु ‘मानव’ र उसको ‘व्यवहार’ हो। यसले मानिसलाई आफ्नो भित्री गुणहरू पहिचान गर्न र त्यसलाई दैनिक जीवनमा उतार्न सिकाउँछ। कथंकदाचित धार्मिक अन्धताभित्र नैतिकता फस्यो भने र कुनै धर्म विशेषको आदेशमा नैतिकता चल्न थाल्यो भने त्यस्तो अवस्थामा त्यो शिक्षालाई नैतिक शिक्षा भन्दा पनि धार्मिक शिक्षा भन्नु सान्दर्भिक हुनेछ।

अध्येताहरुले भन्ने गरेका छन् कि धार्मिक शिक्षाको मुख्य केन्द्र र स्रोत भनेको ईश्वर, सम्प्रदाय, धर्मग्रन्थ र परम्परा हुने गर्दछ। नैतिक शिक्षाको मुख्य केन्द्र र स्रोत भनेको चरित्र, आचरण, विवेक र सामाजिक मर्यादा हुने गर्दछ। त्यसैगरी मानव मूल्य शिक्षाको मुख्य केन्द्र मानवीय गुण र विश्वबन्धुत्वमा अडेको हुन्छ भने यसको मुख्य स्रोत भनेको मानवता र मानवीय हित र परोपकार हो। अत: नैतिक शिक्षा र मानव मूल्य शिक्षामा एकअर्कासँग अन्योन्याश्रित छन्। धार्मिक शिक्षाले मूल्यहरू सिकाउनका लागि एउटा माध्यम वा प्रेरणाको काम त गर्न सक्छ, तर मानव मूल्यको वास्तविक प्रयोग र विस्तार नैतिक धरातलमा नै सम्भव छ। किनकि धार्मिक शिक्षा कहिलेकाहीं पण्डित्याईं मात्र छाँट्ने पाखण्डीपनमा परिणत भएका दृष्यहरुले मानिसलाई लामो श्वास फेर्न बाध्य बनाएका अवस्थाहरु पनि छन् । परो–पकार पुण्यायको पाठ सिकाउने पण्डितहरु नै अहिले आएर दानदक्षिणाको पनि दररेट तोकेर हिड्न थालेपछि कतै धार्मिक शिक्षा नैतिकतामा आधारित हुन सकेन कि भन्ने गुनासाहरु मानव वस्तीहरुमा सुनिन थालेको अवस्था छ ।

उल्लिखित द्विविधा, आशंका र अस्पष्टता–हरुका कारणले अहिले धेरै मुलुकहरुले नैतिक शिक्षालाई मानव मूल्य शिक्षाको नाम दिएर अघि बढाएको अवस्था छ। यो यसकारण स्पष्ट छ कि यसले मानवीय कल्याण र मानव हितभन्दा कुनै पनि मानेमा पछि हटेर काम गर्दैन । यसले के नैतिक र के अनैतिक भन्ने कुरामा मानवीय हित र कल्याणलाई उचाइमा राखेर निर्णयको अधिकार स्वविवेक र अन्तरात्मालाई प्रदान गरिरहेको हुन्छ। किनभने बाहिरीरुपमा मानिसले जे कुरा गरे पनि उसको भित्री आवाजले प्राय: मानिसलाई सही र गलतको संकेत दिइरहेको हुन्छ। यसरी भन्नुपर्दा, कुनै काम गरिसकेपछि जब मनमा शान्ति, सन्तोष र गौरवको अनुभूति हुन्छ, त्यो नैतिक कार्य हो। यसको विपरीत, जुन काम गर्दा मनमा डर, संकोच वा पश्चाताप हुन्छ वा जुन कुरा अरूले थाहा पाउलान् कि भनेर लुकाउनुपर्ने हुन्छ, त्यो प्राय: अनैतिक हुन्छ। नैतिकतामा नियत निस्वार्थ र सामुहिक हित हुनुपर्दछ, परिणाम विश्वास र सद्भावको विकास हुनुपर्दछ, सम्बन्ध सुमधुर बनाउने हुनुपर्दछ भने प्रमाणको रुपमा पारदर्शिता र साहस भने जरुर हुनुपर्दछ ।

पूर्वीय दर्शनमा भनिएको पनि छ ‘परोपका–राय पुण्याय पापाय परपीडनम्’ । पूर्वीय दर्शनमा अरूलाई मद्दत गर्ने, कसैको अधिकारको रक्षा गर्ने र समाजमा सकारात्मक परिवर्तन ल्याउने कार्य नैतिक हो भने आफ्नो स्वार्थका लागि अरूलाई धोका दिनु, चोरी गर्नु, हिंसा गर्नु वा कसैको आत्म सम्मानमा चोट पुर्‍याउनु अनैतिक हो । यसको परीक्षणको कसीको रुपमा ‘मैले गर्न लागेको काम अरू सबैले गरे भने यो संसार कस्तो होला ? भनेर सोच्नु नै नैतिकता जाँच्ने एउटा उत्तम तरिका हो । अझै दृष्टान्त दिएर भन्नुपर्दा यदि सबैले ‘झुट’ बोल्ने हो भने समाजको विश्वास नै समाप्त हुन्छ, त्यसैले झुट बोल्नु अनैतिक हो र यदि सबै इमान्दार हुने हो भने समाज सुन्दर हुन्छ, त्यसैले इमानदार हुनु भनेको नैतिक हो। त्यसरी नै कर्तव्य र उत्तरदायित्वको सवालमा समाज, परिवार र पेशाप्रतिको आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निभाउनु नैतिक हो भने जिम्मेवारीबाट पन्छिनु, भ्रष्टाचार गर्नु वा आफ्नो पदको दुरुपयोग गर्नु अनैतिक हो ।

*साभार : नयाँ युगबोध दैनिक*

घलेटोलका महिला गुन्द्रुकबाट आत्मनिर्भर बन्दै

# सांसद पाठकको पहलमा बिक्री केन्द्र निर्माण कार्य सुरु



हेटौंडा/मकवानपुरको हेटौंडा-१२, घलेटोलमा बिहानको चिसो हावासँगै सुकाइँदै गरेको रायोको सागको सुवास फैलिन्छ। यही सुवासले अहिले यहाँका महिलाको जीवनमा नयाँ सम्भावनाको ढोका खोलेको छ। परम्परागत परिकार गुन्द्रुकलाई व्यवसायमा रूपान्तरण गर्दै उनीहरूले आत्मनिर्भरतातर्फको यात्रा सुरु गरेका छन्, संघर्ष, सहकार्य र दृढ इच्छाशक्ति बोकेर।

स्थानीय कञ्चनजङ्घा महिला कृषि सहकारी संस्थाअन्तर्गतको महिला उद्यमी समूहले गुन्द्रुक उत्पादन र बिक्रीलाई तीव्रता दिएको छ। हेटौँडा उपमहानगरपालिकाको एक लाख रुपैयाँ सहयोगबाट सुरु गरिएको यो पहल अहिले क्रमशः व्यवसायिक मोडलतर्फ अघि बढिरहेको छ। सुरुमा सामान्य घरेलु अभ्यास जस्तो देखिएको कामले अहिले आयआर्जनको भरपर्दो माध्यमको रूप लिँदै गएको छ।

समूहकी अध्यक्ष चिनिमाया गुरुङ भन्छिन्, 'पहिले हामीले आफ्नै घरका लागि मात्र गुन्द्रुक बनाउँथ्यौं, अहिले भने बजार लक्षित उत्पादन गर्न थालेका छौं। यसले महिलालाई आर्थिकरूपमा बलियो बनाउने बाटो खोलेको छ।' उनका अनुसार, उत्पादन मात्र होइन, बजारसम्म पुग्ने प्रक्रिया सिक्नु नै सबैभन्दा ठूलो उपलब्धि भएको छ।

यो परिवर्तन एक्लै सम्भव भएको होइन। ग्रीन फाउन्डेसन, अस्मिता नेपाल र प्राकृतिक स्रोत महिला अधिकार सञ्जालजस्ता संस्थाहरूले समूहलाई विभिन्न चरणमा साथ दिएका छन्। आवश्यक सामग्री वितरणदेखि लिएर गुन्द्रुकको अचार बनाउने तालिम, बजार व्यवस्थापन, नेतृत्व विकास, व्यवसायिक सीप अभिवृद्धि र प्याकेजिङसम्बन्धी तालिमसम्मको सहयोगले महिलालाई आत्मविश्वास थपेको छ। साथै, बजारसँग समन्वय गर्ने प्रक्रियामा पनि संस्थाहरूको सक्रिय भूमिका देखिएको छ।

घलेटोलका महिलाले लामो समयदेखि रायोको साग उत्पादन गरी गुन्द्रुक बनाउने अभ्यास गर्दै आएका थिए। तर, त्यो अभ्यास सीमित दायरामा थियो। अहिले भने उनीहरूले आफ्नै उत्पादनलाई ब्रान्डिङ गर्दै जिल्ला बाहिरसम्म बिक्री विस्तार गर्न थालेका छन्। यसले स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्ने सम्भावना उजागर गरेको छ।

समूहकी एक सदस्य भन्छिन्, 'हामीले बनाएको गुन्द्रुक काठमाडौंसम्म पुगेपछि माग बढ्न थालेको छ। अब त विदेशमा पनि नेपाली परिकारको माग बढ्दै गइरहेको सुनेका छौं, त्यसतर्फ पनि सोचिरहेका छौं।' उनीहरूको यो आत्मविश्वास केवल शब्दमा सीमित छैन, बजारमा देखिएको माग र विस्तार हुँदै गएको सञ्जालले त्यसलाई प्रमाणित गरिरहेको छ।

यही सम्भावनालाई अझ बलियो बनाउन बागमती प्रदेश सभा सदस्य भारती पाठकले पनि पहल थालेकी छन्। उनको समन्वयमा प्रदेश सरकारसँग सहकार्य गरी गुन्द्रुक बिक्री केन्द्र निर्माण कार्य सुरु गरिएको छ। यो केन्द्र निर्माण भएपछि उत्पादनलाई व्यवस्थित रूपमा प्रदर्शन र बिक्री गर्ने प्लेटफर्म उपलब्ध हुनेछ, जसले व्यवसायलाई थप गति दिने अपेक्षा गरिएको छ।

सांसद पाठक भन्छिन्, 'गुन्द्रुकजस्तो परम्परागत परिकारलाई व्यवसायमा रूपान्तरण गर्नु महत्वपूर्ण उपलब्धि हो। यसको बजार राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा पनि विस्तार गर्न सकिन्छ। त्यसका लागि आवश्यक संरचना र व्यवस्थापनमा प्रदेश सरकार सहयोग गर्न प्रतिबद्ध छ।' उनले अझै व्यवस्थापनका धेरै काम बाँकी रहेको उल्लेख गर्दै विभिन्न संघसंस्थासँग समन्वय गरी अघि बढ्नुपर्ने आवश्यकता औंल्याइन्।

गुन्द्रुक नेपाली भान्साको एक पहिचान मात्र होइन, ग्रामीण अर्थतन्त्रको सम्भावनाको स्रोत पनि हो। पछिल्लो समय स्वास्थ्यप्रति सचेत उपभोक्ताको बढ्दो रुचिले पारम्परिक, प्राकृतिक र अर्गानिक खानेकुराप्रति आकर्षण बढाएको छ। यही सन्दर्भमा गुन्द्रुकको माग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विस्तार हुँदै गएको देखिन्छ।

तर, अवसरसँगै व्यवसायलाई अघि बढाउन चुनौतीहरु पनि देखिएका छन्। गुणस्तर मापदण्ड, प्याकेजिङ, ब्रान्डिङ, निर्यात प्रक्रिया र बजार पहुँचजस्ता पक्षहरू अझै सुदृढ गर्न आवश्यक देखिएको छ। घलेटोलका महिलाहरूले यही चुनौतीलाई अवसरमा बदल्ने प्रयास गरिरहेका छन्।

# 'अव्यवस्थित बसोबासीको हितमा सरकार क्रुर'

झापा/वालेन्द्र शाह (बालेन) नेतृत्वको सरकारको डोजर अभियानलाई लिएर झापाका स्थानीय सरकारका प्रतिनिधि असन्तुष्ट बनेका छन्। बालेन सरकार सुकुम्बासी र अव्यवस्थित बसोबासीको हितमा सरकार क्रुर देखिएको उनीहरुको आरोप छ। सुकुम्बासी तथा अव्यवस्थित बसोबास हटाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई पत्राचार गरेपछि सरकार थप विवादमा तानिएको हो।

नेपाली सेना, जिल्ला प्रहरी कार्यालयहरुले स्थानीय सरकारलाई सुकुम्बासीको विवरण उपलब्ध गराउन निर्देशनात्मक पत्राचार गर्नुका साथै इलाका प्रहरी कार्यालयले समेत माथिको आदेशको हवाला दिएर पालिकालाई पत्र काटेपछि स्थानीय सरकार प्रमुखहरु क्रुद्ध बनेका हुन्। कोशी प्रदेशका झापा, मोरङ, सुनसरीलगायत जिल्लामा बालेन सरकारको डोजर अभियानको विरोध चुलिएको छ। यी जिल्लाका विभिन्न पालिकाका प्रमुखले संघीय सरकारले आफ्नो क्षेत्राधिकार माथि नांगो हस्तक्षेप गरेको भन्दै उक्त कार्य निन्दनीय, आपत्तिजनक र आश्चर्यपूर्ण भएको टिप्पणी गरेका छन्।

झापाका २ पालिकाका मेयरले त जिल्ला प्रशासन, सेना र प्रहरीले आफूहरुलाई कारिन्दा सम्झेको भन्दै रोष व्यक्त गरेका छन्। मोरङ र सुनसरीमा पनि सरकारको उक्त कदमको विरोध भइरहेको छ। पत्राचारको विषयमा नेपाली सेनाले मोरङमा त स्पष्टीकरण नै दिनुपरेको छ। अघिल्लो दिन सुकुम्बासी विवरण पठाउन पत्राचार गरेको सेनाले पछिल्लो दिन वर्षायामको सम्भावित जोखिमका बस्ती पहिचान गर्न पत्राचार गरिएको भनेर प्रष्टीकरण दिनुपरेको थियो। सरकारको उक्त कदमको राजनीतिक दल, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले समेत तीव्र आलोचना गरेका छन्। यतिसम्म कि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कै कतिपय नेताले सरकारको उक्त कार्यप्रति असन्तुष्टि व्यक्त गरेका छन्। स्थानीय सरकार प्रमुखले त आफ्नो पालिकामा कुनै पनि अवस्थामा डोजर चलाउन नदिने अडान लिएका छन्।

सोमबार प्रशासनले काटेको पत्रलाई लिएर मेचीनगर मेयर गोपालचन्द्र बुढाथोकी र दमक नगरपालिका मेयर राम थापा आक्रोशित भएका हुन्। प्रशासनले चौकीको सईलाई दिएजस्तो आदेश आफूहरुलाई दिएको भन्दै उनीहरुले प्रशासनको पत्रलाई उदेकलाग्दो र आश्चर्यजनक भनेका छन्। उनीहरुले प्रशासनले आफ्नो क्षेत्राधिकार बिर्सेर पत्र काटेको भन्दै आक्रोश व्यक गरेका हुन्।

मेचीनगर नगरपालिका मेयर बुढाथोकीले जिल्ला प्रशासनको पत्र आपत्तिजनक भएको बताए। 'डोजर लिएर निस्किहाल्नु भन्ने शैलीको पत्र आयो,' उनले भने-समन्वय, सहकार्य र सहअस्तित्वको कुरा बेग्लै हो। अतिक्रमण हटाउन डोजर लिएर निस्किहाल्नु भन्ने आदेश प्रशासनले स्थानीय सरकारलाई दिन सुहाउने विषय नै होइन। विगतमा प्रदेश सांसद्समेत बनिसकेका बुढाथोकीले सरकारको शैली संविधान र संघीयताको मर्मविपरीत भएको बताए। बुढाथोकी नेकपा एमालेबाट निर्वाचित मेयर हुन्। मेचीनगर झापा-१ मा पर्छ। यो कांग्रेस उपसभापति विश्वप्रकाश शर्माको साविक निर्वाचन क्षेत्र हो। यस क्षेत्रबाट हाल रास्वपाकी निशा डाँगी सांसद् निर्वाचित भएकी छन्।

प्रशासनको पत्रबाट दमकका मेयर थापा पनि उत्तिकै असन्तुष्ट देखिए। सोमबार प्रशासनले पत्र काटेपछि थापाले मंगलबार दिउँसो सुकुम्बासीहरुसँग छलफल नै गरेका थिए। उनले जिल्ला प्रशासन कार्यालय झापाबाट काटिएको पत्र उपस्थितबीच पढेर सुनाएका थिए। थापाले प्रशासनको पत्रलाई उदेकलाग्दो भनी टिप्पणी गरे। 'स्थानीय सरकार जिल्ला प्रशासनमा तहतको प्रहरी चौकी होइन,' उनले भने-यस पत्र चौकीको सईलाई आदेश दिएकोजस्तै छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट मेयर निर्वाचित थापा पञ्चायत, बहुदल तथा हाल गणतन्त्रमा समेत पटकपटक जनप्रतिनिधि बनिसकेका व्यक्ति हुन्। दमक झापा निर्वाचन क्षेत्र नम्बर-५ मा रहेको नगरपालिका हो। सोही क्षेत्रबाट प्रधानमन्त्री बालेन शाह एमाले अध्यक्ष केपी शर्माओलीलाई भारी मतान्तरले पछि पार्दै संघीय सांसद् निर्वाचित भएका हुन्। दमक मोरङसँग जोडिएको झापाको पश्चिम सीमावर्ती नगरपालिका र मेचीनगर मुलुकको पूर्वी सीमानाकामा रहेको नगरपालिका हो।

झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले मन्त्रालयको निर्देशनमात्र प्रशासनले पालना गरेको बताए। उनले प्रशासन आफैंले स्थानीय सरकारलाई निर्देशन नदिएको स्पष्ट पारे। प्रजिअ गेलालले रक्षात्मक जवाफ दिए पनि जिल्ला प्रशासनमार्फत् स्थानीय सरकारसम्म पुगेको निर्देशनात्मक पत्रले बालेन सरकारलाई चर्को विवादमा पार्ने स्थानीय तहका जनप्रतिनिधि बताउँछन्। प्रशासनको पत्रमा नगर क्षेत्रमा अतिक्रमणमा परेका सार्वजनिक जग्गा अविलम्ब खाली गराउन लेखिएको छ। जसमा प्रशासनले स्थानीय सरकारलाई काटेको पत्रमा कडाइसाथ अतिक्रमणमा रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने पनि लेखिएको छ।

जिल्ला प्रशासन कार्यालयले काटेको पत्रमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्न र अतिक्रमण हटाउने कार्य अविलम्ब अघि बढाउन निर्देशन दिइएको छ। प्रशासनको पत्रमा अतिक्रमण हटाउने कार्यमा सुरक्षा प्रबन्ध आवश्यक भए यथोचित सुरक्षा व्यवस्था मिलाउने बेहोरा लेखिएको छ। यसबाट सरकार बल प्रयोग गरेर भए पनि अतिक्रमण हटाउने मनस्थितिमा रहेको देखिएको उनीहरुको भनाइ छ।

दमकका मेयर थापाले भूमिहीन, अव्यवस्थित बसोबासी र ऐलानी जग्गा उपयोग गरिरहेका नागरिकमाथि डोजर चलाउने विषयमा नगरपालिका सहमत हुन नसक्ने बताए। उनले भने-हामीले हतारमा निर्णय लिँदैनौं। यस विषय तत्काल निष्कर्षमा पुग्ने अवस्था पनि छैन। हामी हाल नै डोजर चलाउने पक्षमा पनि छैनौं। यस विषयको अन्तिम निर्णय नगरपालिकाको संस्थागत् बैठकले मात्र गर्न सक्ने थापाले स्पष्ट पारे। संघीय सरकारले ३ तहका सरकारको सम्बन्ध र संवैधानिक प्रबन्धको ख्याल नगरेको मेयर बुढाथोकी र थापाको समान धारण छ। उनीहरुले अतिक्रमणको विषयलाई एकपक्षीयढंगले हेर्न नहुनेमा जोड दिए। अतिक्रमण हटाउने विषय भनेजस्तो सरल नभएको उनीहरुको ठम्याइँ छ।

दमक नगरपालिकामा मात्र साढे ६ हजारभन्दा बढी भूमिहीन, सुकुम्बासी, दलित र ऐलानी जग्गा उपयोग गरिरहेका परिवार छन्। उनीहरुलाई यसअघि नै निस्सा वितरण गरिसकिएको छ। उनीहरुको लगत संकलन, नापजाँच तथा प्रमाणीकरण प्रक्रिया जारी छ। दमक-५ र ७ मा नापी भइरहेको छ। यहाँ यकिन नापजाँच र अभिलेखबिना ककसले सरकारी, ऐलानी, गुठी, विद्यालय, धार्मिक संस्था वा निजी प्रयोजनको जग्गा उपयोग गरिरहेका छन् भन्न नसकिने मेयर थापाले बताए। उनले पहिला नापजाँच गरेर समस्या टुंगो लगाउनुपर्नेमा जोड दिए। अनुमान गरेर र डोजर लगाएर समस्या समाधान नहुने उनको धारणा छ।

झापामा मात्र होइन, सम्बन्धित जिल्ला प्रशासनले अन्य जिल्लामा पनि सोही आशयको पत्र स्थानीय सरकारलाई काटेको छ। धरान उपमहानगरपालिका कार्यबाहक मेयर अइन्द्र बेघाले सुकुम्बासी समस्या र सार्वजनिक जग्गा सरक्षणको दायित्व स्थानीय सरकारको भएको बताएका छन्। उनले अन्यत्र डोजर लगाए पनि धरानमा डोजर लगाउन नदिने स्पष्ट पारेका छन्। कावा मेयर बेघा पनि बालेन सरकारको कदमप्रति बेखुशी छन्। प्रशासनको पत्रसँगै झापाको मुख्य व्यापारिक केन्द्र तथा मध्य घनाबजार बिर्तामोडमा नयाँ बहस सुरु भएको छ। यहाँको सतानु पैनी र आदुवाखोला करिडोरको बहसले नयाँ मोड लिएको हो। साविक सतानु पैनी क्षेत्रमा हाल भव्य महल ठडिएका छन्।

आदुवाखोला किनार मिचेर भव्य महल बनाइएको छ। त्यहाँका जनप्रतिनिधि बिनायोजना सुकुम्बासी तथा विपन्न समुदाय हटाए अर्को सामाजिक समस्या उत्पन्न हुने बताउँछन्। अव्यवस्थितरुपमा विकास भएको बिर्तामोड हरेक बर्खायाममा डुबानको समस्या झेल्दै आएको सहर हो। सतानु पैनीको अतिक्रमणमात्र हटाउने हो भने यहाँ अर्बौंको क्षति हुने स्थानीय जनप्रतिनिधिहरु बताउँछन्। चर्चित सतानु पैनीको अतिक्रमण सितिमिति हटाउन सकिने अवस्था पनि नभएको उनीहरुको ठम्याइँ छ।

झापाको अर्जुनधारा नगरपालिकाले मातहतका वडामा सरकारी, गुठी एवम् संघसंस्थाको जग्गामा बसोबास गर्ने सुकुम्बासीको विवरण संकलन गर्न थालेको छ। इलाका प्रहरी कार्यालय अनारमनी (बिर्तामोड) को १५ बैशाखको चलानी नम्बर ५७७ को पत्रका आधारमा त्यस्तो विवरण संकलन गर्न थालेको छ। सोहीदिन अर्जुनधारा प्रमुख प्रशासकीय अधिकृत अनोजकुमार घिमिरेले सबै वडा कार्यालयलाई चलानी नम्बर ४०५० को पत्र पठाएर ३ दिनभित्र विवरण संकलन गरी पठाउन निर्देशन दिएका छन्। अर्जुनधारा झापा क्षेत्र-२ मा पर्छ। यहाँ एमालेबाट निर्वाचित बलदेव गोम्देन मेयर छन्। यो रास्वपाबाट पूर्वउपसभामुख इन्दिरा राना सांसद् निर्वाचित भएको क्षेत्र हो।

वर्षौंदेखि सार्वजनिक जमिनमा बसोबास गर्दै आएका सबैलाई अतिक्रमणकारी भन्न नमिल्ने विषयमा दखल भएकाहरु बताउँछन्। अतिक्रमणकारी छुट्याउने काम बल प्रयोगबाट नभइ तथ्य र विधिबाट हुनुपर्ने आवाज मुखरित हुँदै गएको बेला प्रशासनले पत्र काटेर स्थानीय सरकारलाई चिढ्याउने काम गरेको उनीहरुको निष्कर्ष छ। जिल्ला प्रशासनले गृह मन्त्रालयको आदेश भन्दै पठाएको पत्रले संविधान र संघीयताको मर्ममा प्रहार गरेको उनीहरुले बताए। 'सार्वजनिक जग्गा केकति अतिक्रमणमा परेको छ भनेर यत्तिकै थाहा हुँदैन। यस्तो काम अविलम्ब गर्नु भनेर स्थानीय तहलाई सीडीओ कार्यालयले भन्ने विषय होइन,' एक प्रतिनिधिले भने।

मन्त्रिपरिषद्को १३ चैत २०८२ को निर्णयअनुसार स्वीकृत शासकीय सुधारसम्बन्धि १ सय कार्यसूचीको बुँदा नम्बर-९२ मा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने उल्लेख छ। विवादित बनेर तत्कालीन गृहमन्त्री सुधन गरुङले पदबाट राजीनामा दिएपछि गृहको जिम्मेवारी प्रधानमन्त्री शाहले आफैंसँग राखेका छन्। गृहको जिम्मा लिनासाथ प्रधानमन्त्री बालेनले सुरक्षा अंगका प्रमुखसँगको छलफलमा अतिक्रमण हटाउन निर्देशन दिएका थिए। प्रशासनलाई निर्देशन दिएसँगै गृहले जिल्ला प्रशासनलाई र जिल्लाले स्थानीय सरकारलाई पत्राचार गरेको हो।

# सही नीतिगत् हस्तक्षेपको आवश्यकता

काठमाडौं/अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकमा निजी उद्यमशीलताको विकास र सुशासन कायम गर्न सरकार पूर्णरुपमा प्रतिबद्ध रहेको बताएका छन्। शनिबार काठमाडौंको गोकर्ण रिसोर्टमा आयोजना गरिएको 'इकोनोमिक सिम्पोजियम' मा अर्थमन्त्री डा.वाग्लेले प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा वर्तमान मन्त्रिपरिषद्ले उच्चस्तरको इमानदारी र सुशासनको मापदण्ड कायम गरेको दाबी गरेका हुन्।

अर्थमन्त्री वाग्लेले आगामी बजेटमार्फत् नेपाललाई उदार अर्थतन्त्रको दिशामा लैजाने र लगानीमैत्री वातावरण सिर्जना गर्ने विश्वास दिलाएका छन्। सरकारले निजी सम्पत्तिको सुरक्षा, सम्झौताहरुको कार्यान्वयन र करको भार लाई कम गर्ने गरी नीतिगत् सुधार गर्ने बताए। अर्थमन्त्री डा. वाग्लेले अबको पाँच वर्ष नीतिगत् स्थिरता र पूर्वानुमानयोग्य वातावरण सिर्जना गरिने प्रतिबद्धता जनाए। तीन करोड जनसंख्या भएको नेपाल युरोपमा भएको भए सातौं ठूलो देश हुने उल्लेख गर्दै उनले यसको विशाल सम्भावनालाई नजरअन्दाज गर्न नमिल्ने उनको भनाइ छ।

अर्थमन्त्री वाग्लेले नेपालको आर्थिक नीतिनिर्माणमा पुस्तान्तरणको आवश्यकता औंल्याउँदै अब पुरानो ढर्राबाट मुलुक चल्न नसक्ने प्रष्ट पारे। उनले आगामी बजेटमा मुख्य वक्ता अमिताभ कान्तका ठूला सोचले आफ्नो सोच र कार्यशैलीलाई आकार दिने उल्लेख गरे। मन्त्री वाग्लेले नेपालको वर्तमान आर्थिक अवस्थालाई सन् २०१४ को भारतसँग तुलना गरे। भारतले त्यसपछि अंगीकार गरेको आधुनिक मार्गजस्तै नेपाल पनि हाल संरचनात्मक परिवर्तनको मोडमा रहेको बताए। उनले नेपाललाई टाइटानिक जहाजसँग तुलना गर्दै यसलाई डुब्न नदिन र सही गन्तव्यमा पुऱ्याउन सानो तर सही नीतिगत् हस्तक्षेपको आवश्यकता रहेकोमा जोड दिए।

मन्त्री वाग्लेले नेपालमा भएको जेनजी आन्दोलन र हस्तक्षेपले राजनीतिक कार्यतालिकालाई निकै अगाडि बढाएको उनले बताए। राष्ट्रिय स्वतन्त्र पार्टीले सन् २०२७ सम्ममा ठूलो दल बन्ने लक्ष्य राखे पनि जनचाहनाका कारण त्यो समय अगावै आएको र आफूहरु जिम्मेवारी सम्हाल्न तयार रहेको उनले उल्लेख गरे। वर्तमान प्रधानमन्त्रीको काठमाडौं महानगरपालिकाको सफल कार्यकारी अनुभव र अन्य नेताहरुको विज्ञताले देशलाई नयाँ दिशामा लैजाने उनले दाबी गरे।

अर्थमन्त्री डा. वाग्लेले नेपालको आर्थिक रुपान्तरण, सुशासन र निजीक्षेत्र प्रवर्द्धनका लागि स्पष्ट मार्गचित्र तयार गरिएको बताए। उनले राजनीतिक स्थिरता, डिजिटल प्रविधिको विस्तार र कानुनी सुधार लाई आगामी आर्थिक विकासको मुख्य आधारका रुपमा प्रस्तुत गरे। उनले पाँच वर्षे स्थिर सरकारमार्फत् नीतिगत् निरन्तरता कायम गरी देशलाई बलियो आर्थिक शक्तिका रुपमा स्थापित गर्ने लक्ष्य रहेको बताए। वर्तमान नेतृत्वसँग स्थानीय तहदेखि केन्द्रसम्मको कार्यकारी अनुभव रहेको उल्लेख गर्दै उनले त्यसले विकासलाई नयाँ दिशा दिने विश्वास व्यक्त गरे। अर्थतन्त्र सुधारका लागि नेपालले छिमेकी देशहरुको अनुभवबाट सिक्नुपर्ने उल्लेख गर्दै उनले संरचनात्मक परिवर्तनमार्फत् तीव्र आर्थिक फड्को सम्भव रहेको बताए। झण्डै ३ करोड जनसंख्या भएको नेपाललाई ठूलो बजारका रुपमा विकास गर्न सकिने र त्यसलाई अवसरका रुपमा उपयोग गर्नुपर्नेमा उनले जोड दिए।

डिजिटल प्रविधिलाई विकासको मुख्य साधनका रुपमा अघि सार्दै उनले सेवाप्रवाहलाई पूर्णरुपमा डिजिटल माध्यममा रुपान्तरण गर्ने सरकारको लक्ष्य रहेको बताए। भौगोलिक कठिनाइ र संरचनात्मक अवरोध हटाउन डिजिटल प्रणाली प्रभावकारी हुने उनको भनाइ थियो। यसले पारदर्शिता बढाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र सेवामा सहज पहुँच सुनिश्चित गर्ने अपेक्षा गरिएको उनले बताए। कानुनी सुधारमार्फत् निजी क्षेत्रलाई प्रोत्साहन गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै उनले पुराना तथा असान्दर्भिक कानुनहरु खारेज गर्ने काम सुरु भइसकेको जानकारी दिए। उद्यमशीलता प्रवर्द्धन, रोजगारी सिर्जना र करप्रणालीलाई प्रभावकारी बनाउने लक्ष्यसाथ सरकार अघि बढेको उनले बताए। नीतिगत् भ्रष्टाचार र सीमित समूहको आर्थिक प्रभाव अन्त्य गरी स्वच्छ व्यावसायिक वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

सुशासनका लागि कानुनको कडाइसाथ कार्यान्वयन आवश्यक रहेको उल्लेख गर्दै उनले भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीति अपनाइने बताए। बिगतका कमजोरी दोहोरिन नदिन उच्च नैतिक मापदण्ड कायम गरिने उनको भनाइ थियो। उनले नेपालको सामाजिक तथा सांस्कृतिक विविधतालाई समेट्दै समावेशी विकासलाई प्राथमिकता दिइने बताए। विभिन्न जातीय र भाषिक समुदायको सहभागितामार्फत् लोकतान्त्रिक आकांक्षा पूरा गर्दै नेपाललाई सशक्त र जीवन्त लोकतन्त्रका रुपमा अघि बढाउने लक्ष्य रहेको उनले बताए।

देशमा भइरहेको नीतिगत् कब्जा र संस्थागत् भ्रष्टाचारप्रति कडा टिप्पणी गर्दै मन्त्री वाग्लेले बिगतका गल्तीहरुलाई अब माफी नदिइने स्पष्ट पारे। उनले राज्यको स्रोतमाथिको लुट र अपराधीकरण अन्त्य हुनैपर्नेमा जोड दिए। यद्यपि, बिगतका खराब शासन व्यवस्थाका कारण बाध्य भएर भ्रष्टाचारको जालोमा फसेका व्यवसायीलाई संक्रमणकालीन अवधिमा केही लचकता अपनाइने संकेतसमेत उनले दिए। अर्थमन्त्रीले निर्वाचनका बेला जनतासामु गरिएका बाचा र घोषणापत्रलाई धुलो टक्टक्याएर पुनः अध्ययन गर्न थालिएको बताए। सरकारले पाँचखम्बे प्राथमिकतामा केन्द्रित भएर काम गरिरहेको र त्यसमा सुशासन (म्याक्रो र माइक्रो दुवै तहमा) प्रमुख रहेको उनको भनाइ छ। म्याक्रो तहमा नीतिगत् मिलेमतो अन्त्य गर्ने र माइक्रो तहमा डिजिटलाइजेसनमार्फत् नागरिकलाई सहज सेवा दिने लक्ष्य राखिएको उनको भनाइ छ।

सरकारले फेसलेस (अनुहार देखाउन नपर्ने) र पेपरलेस (कागजविहीन) सेवाप्रवाहलाई प्राथमिकता दिएको उजले बताए। अर्थमन्त्री वाग्लेले सूचनाप्रविधि विभागलाई प्रधानमन्त्री कार्यालयमातहत ल्याइएकोतर्फ ध्यानाकर्षण गरे। अर्थमन्त्री वाग्लेले सरकारी पैसाको सही सदुपयोग गर्दै आर्थिक वृद्धि र रोजगारी सिर्जनामा सरकार केन्द्रित हुने प्रतिबद्धता व्यक्त गरे।

अर्थमन्त्री वाग्लेले भारी बहुमतपछि जनताको विश्वास जित्नुपर्ने जिम्मेवारी सरकारमा आएको भन्दै रोजगारी सिर्जना र आर्थिक विकासतर्फ मुलुकलाई डोऱ्याउने गरी काम गरिरहेको बताए। नेपालको आर्थिक विकासमा भारतबाट सिक्नुपर्ने पाठ धेरै रहेको उनले उल्लेख गरे।

# सम्पत्ति शुद्धीकरणको कसुरमा बम्जनले पाए सफाइ




काठमाडौं/सम्पत्ति शुद्धीकरण कसुरमा रामबहादुर बम्जनले सफाइ पाएका छन्।

जिल्ला अदालत सर्लाहीले बम्जनलाई सफाइ दिएको हो। गत ८ वैशाखमा सर्लाही जिल्ला अदालतका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले उनलाई सफाइ दिएको हो। बम्जनमाथि लगाइएको अभियोग नपुग्ने भन्दै अदालतले उनलाई सफाइ दिएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ ठूलो मात्रामा रकम बरामद भएको थियो। त्यसपछि उनी माथि सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान गरेर मुद्दा चलाइएको थियो। यसका साथै बम्जनमाथि बाल यौन दूराचार तथा मानिस बेपत्ता पारेको कसुरमा पनि मुद्दा चलाइएको थियो। उच्च अदालत जनकपुरले बाल यौन दूराचारको आरोपमा भने बम्जन लाई ६ चैत २०८१ मा सफाइ दिएको थियो। उच्च अदालत जनकपुरले सफाइ दिएको थियो। त्यसपछि उनी कारागारबाट छुटेका थिए।

यसअघि जिल्ला अदालत सर्लाहीले १७ असार, २०८१ मा बम्जनलाई १० वर्ष कैद र ५ लाख रुपैयां जरिवानाको फैसला गरेको थियो। यसविरुद्ध उनी उच्च अदालत पुगेका थिए। सिन्धुपाल्चोककै आश्रमबाट अर्का एक अनुयायी पनि बेपत्ता पारेको आरोप बम्जनमाथि लागेको थियो। उनीमाथि दायर उक्त उक्त मुद्दा भने अदालतमा दर्ता भइसकेको अवस्था छैन। अदालतमा मुद्दा हुंदा पनि बम्जन लामो समयसम्म फरार हुंदै आएका थिए। २४ पुस २०८० मा सीआईबीले बूढानीलकण्ठ बाट उनलाई पक्राउ गरेको थियो।


जेब्राक्रसबाट मात्र बाटो काट्ने बानी बसालौं।







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं.: ९८४५०२८५०८, ९८४५०३१३४७

## लाभ लिने कहिले ?

# गुणस्तर नबिग्रियुञ्जेल वनमै सड्छ काठ

सन्देश संवाददाता

काठमाडौं/सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित जलकन्या सामुदायिक वनको उपभोक्ता समूहलाई बर्सेनि एक हजार २ सय घनफिट काठ निकाल्ने अनुमति छ । चुरे क्षेत्रभित्र १९६.८५ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त वनमा सालको वर्चस्व छ । तर, सालको रुख सुकेर ढलेपछि मात्र काठ संकलन गर्न पाइन्छ ।

'हरियो सालको रुख त ढाल्नै पाइँदैन । सुकेको रुख पनि आफैं नढलेसम्म निकाल्न पाइँदैन,' उपभोक्ता समूह अध्यक्ष लोकबहादुर दाहालको गुनासो छ । गुणस्तर नबिग्रियुञ्जेल काठ वनमै सडाउँदा उपभोक्ताले पूर्णप्रतिफल नपाएको तर्क उनको छ । दाहाल भन्छन्-खँदिलो काठ निकाल्न पाए पो प्रयोगकर्ताले गुणस्तरीय काठ पाउँछन्, आम्दानी पनि राम्रो हुन्छ । सडेमक्केका रुखबाट त ५० प्रतिशत् काठ पनि निस्किँदैन । ९ पुस २०५९ मा दर्ता भएको समूहमा बागदलबारी, फूलबारी, अर्चले, चावाचा र जुगपाखी गाउँका १ सय ९ घरधुरी आबद्ध छन् । वनको काठबाट भने ढुवानी खर्च कटाएर वार्षिक डेढ देखि दुई लाखमात्र आम्दानी गरिरहेको उनी बताउँछन् ।

वनबाट काठदाउरा निकाल्न पर्याप्त समयसमेत नपाएको उनको गुनासो छ । 'डिभिजन वन कार्यालयले १५ दिनभित्र काठदाउरा निकालिसक्नू' भनेर सूचना जारी गर्छ । भिरपहरा भएको हाम्रो जंगलबाट त्यति अवधिमा काठदाउरा निकाल्न र ढुवानी गर्न हम्मेहम्मे पर्छ,' उनी भन्छन् । 'सामुदायिक वनको काठदाउरा संकलन तथा बिक्रीवितरण निर्देशिका, २०७१ मा सामुदायिक वनबाट काठदाउरा संकलनको प्रयोजनमा कटानका लागि रुख छनौट गर्दा ढलापडा, सुखड खडा, मर्न लागेका, रोगाएका, बांगोटिंगो र अति बुढो रुखलाई प्राथमिकता दिनुपर्ने प्रावधान छ । उपभोक्ता समूहले काठदाउराका लागि वनमा कटान वा मुछान कार्य हरेक वर्षको १ कात्तिकदेखि १५ जेठसम्ममा गरिसक्नुपर्छ । कटान गरिएको काठदाउरा १५ जेठदेखि जेठ मसान्तसम्म १५ दिनभित्र घाटगद्धीमा संकलन गरिसक्नुपर्छ ।

'अव्यवहारिक' कानुनी प्रावधानका कारण जलकन्यामा झैं देशभरका वनक्षेत्रमा सालको काठ उत्पादन र उपयोग निरुत्साहित भएको वन तथा वातावरण मन्त्रालयअन्तर्गत् वनपैदावर विकास समितिकी सूचना अधिकारी रमला भण्डारी बताउँछिन् । 'सालको काठ कटानी, ढुवानी र बिक्रीमा झन्झटिलो प्रक्रियाले काठ व्यवसायी तथा उपभोक्ता निरुत्साहित छन् । उत्पादन र संकलन प्रक्रिया जटिल भएकाले सालको काठ उत्पादनको सम्भावना धेरै भए पनि सदुपयोग हुन सकेको छैन,' उनी भन्छिन् ।

यसकारण उपभोक्ताले आवश्यकताअनुसार गुणस्तरीय काठ पाउन सकेका छैनन् भने अपेक्षित आर्जन भइरहेको छैन । देश विदेशी काठ, फलाम, आल्मुनियम र युपीभीसीका झ्यालढोका तथा फर्निचर सामग्रीमा निर्भर हुन बाध्य छ । त्रिभुवन विश्वविद्यालयको वनविज्ञान अध्ययन संस्थानका प्राध्यापक राजेश राईका अनुसार देशभर बर्सेनि २४ अर्ब बराबरको पाँच करोड घनफिट सालको काठ उत्पादन गर्न सकिन्छ । यो भनेको संरक्षित क्षेत्रबाहिरको सात लाख हेक्टर साल वनक्षेत्रको काठ उत्पादन क्षमता हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन २०८०/०८१ अनुसार नेपालको कुल भुभागको २३.३९ प्रतिशत् अर्थात् ३४ लाख ५० हजार ३ सय ९९ हेक्टर क्षेत्रफल संरक्षित क्षेत्रले ओगटेको छ । यो नेपालको कृषि क्षेत्रभन्दा पनि बढी हो । कृषि क्षेत्रले २२.५९ प्रतिशत् (३३ लाख ३२ हजार ५ सय ७० हेक्टर) भुभाग ओगटेको छ ।

संरक्षित क्षेत्रभित्र १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक शिकार आरक्ष, छ संरक्षण क्षेत्र र १३ वटा मध्यवर्ती क्षेत्र गरी ३३ वटा संरक्षित क्षेत्र पनि पर्छन् । वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सन् २०१५ को डिसेम्बरमा प्रकाशन गरेको 'नेपालको वनको स्थिति' शीर्षकको अध्ययनअनुसार कुल वनक्षेत्रमध्ये १० लाख हेक्टरभन्दा बढी संरक्षित क्षेत्रभित्र पर्छ । यकिन तथ्यांक नभए पनि हाल नेपालमा बर्सेनि उत्पादन हुने काठको २० प्रतिशत् जतिमात्र सालको काठ उत्पादन भइरहेको प्राध्यापक राईको अनुमान छ । २०८१/८२ मा उत्पादन भएको तीन करोड ९९ लाख ८५ हजार घनफिटमध्ये ८० लाख घनफिटमात्र सालको काठ हो । त्यसमा सबभन्दा धेरै हिस्सा लुम्बिनी प्रदेशको छ । जहाँ २५ लाख घनफिट सालको काठ उत्पादन भएको वन तथा वातावरण मन्त्रालयअन्तर्गत् रेड कार्यान्वयन केन्द्र प्रमुख तथा सहसचिव नवराज पुडासैनी बताउँछन् ।

वन मन्त्रालयअन्तर्गत् वातावरण तथा जैविक विविधता महाशाखा सहसचिव दीपक ज्ञवाली सालको काठ उपयोग हुन नसकेर जंगलमै खेर गइरहेको तथ्य स्वीकार्छन् । हाल देशभर उत्पादन भइरहेको ८० लाख घनफिट सालको काठ वार्षिक उत्पादन क्षमतादरको १६ प्रतिशत्मात्र हो । बाँकी २० अर्ब १६ करोड बराबरको ८४ प्रतिशत् सालको काठ उपयोगबिनै वनजंगलमा कुहाएर, सडाएर र हैसियत कमजोर बनाएर छोडिएको छ । सालको काठ उत्पादनबाहेक छपान र कटानका लागि पनि बर्सेनि ६ अर्बको रोजगारी सिर्जना गर्न सकिन्छ । दुवै आम्दानी जोड्दा वन तथा वातावरण मन्त्रालयको वार्षिक बजेटभन्दा बढी हुन आउँछ ।

सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि वन तथा वातावरण मन्त्रालयलाई १८ अर्ब ६१ करोड विनियोजन गरेको छ । यस आधारमा सालको काठबाटमात्र हुने आम्दानी मन्त्रालयको बजेटभन्दा डेढ गुणा बढी हुन्छ । 'सालको काठ उत्पादनले मात्र पनि देशको अर्थतन्त्र चलायमान बनाइराख्न धेरै हदसम्म सहयोग गर्छ,' प्राध्यापक राई भन्छन्-तर, सालको रुख भनेपछि काट्नै हुँदैन, छुनै हुँदैन, बरु वनमा कुहेरै खेर जाओस् भन्ने गलत सोचाइमा आधारित नीतिले समस्या पारिरहेको छ ।

*वनक्षेत्र र सालको हिस्सा*

राष्ट्रिय भुक्षेत्र अनुगमन प्रणालीमा आधारित वन मन्त्रालयको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सार्वजनिक गरेको सन् २०२४ को प्रतिवेदनअनुसार सन् २०२२ मा देशको कुल भुभागको ४६.०८ प्रतिशत् क्षेत्रफल वनक्षेत्र (करिब ६८ लाख हेक्टर) ले ढाकेको छ । जसमा वनक्षेत्र ४३.३८ प्रतिशत् (६३ लाख ९९ हजार २ सय ४४ हेक्टर) र २.७० प्रतिशत् (तीन लाख ९८ हजार २ सय ९३ हेक्टर) झाडी बुट्यान क्षेत्र पर्छ । यसमा निजी जग्गामा फैलिएका र संरक्षित क्षेत्रका वनसमेत गणना गरिएको वन अनुसन्धान केन्द्रका महानिर्देशक रवीन्द्र महर्जन बताउँछन् ।

कुल वनक्षेत्रमध्ये १३ लाख ६५ हजार ९३ हेक्टर शुद्ध साल वनले ओगटेको छ । यसमा संरक्षित क्षेत्रभित्रको साल वन पनि पर्छ । प्रदेशगत्रुपमा हेर्दा शुद्ध साल वन भएको क्षेत्र लुम्बिनीमा धेरै छ । जहाँ तीन लाख २४ हजार ४ सय १७ हेक्टरमा साल वनक्षेत्र छ । बागमतीमा दुई लाख ५० हजार ९ सय ७३ हेक्टरमा, कोशीमा दुई लाख नौं हजार ७ सय ९ हेक्टरमा, गण्डकीमा एक लाख ८८ हजार २६ हेक्टरमा, सुदूरपश्चिममा एक लाख ६९ हजार ४ सय २७ हेक्टरमा, मधेसमा एक लाख ३८ हजार २ सय १० हेक्टरमा र कर्णालीमा ८४ हजार ३ सय ३१ हेक्टरमा साल वनक्षेत्र छ । थप पाँच लाख ४५ हजार ३ सय ८७ हेक्टर क्षेत्रफलमा साल-वर्चस्व भएको मिश्रित वन छ । यसमा सालको रुखसहित खयर, सिमलजस्ता प्रजातिका रुख पाइन्छन् ।

सालको मात्र होइन, नेपाली वनबाट सबै प्रजातिको काठ क्षमतादर अनुरुप उत्पादन हुन सकेको छैन । प्राध्यापक राईसहित टोलीले 'नेपाली वनक्षेत्रको आर्थिक सम्भाव्यता' शीर्षकमा गरेको अध्ययनले देशभर बर्सेनि १२ करोड ९० लाख घनफिटका दरले काठ उत्पादन गर्न सकिने देखाएको छ । तर, संरक्षित क्षेत्र बाहिरको वनमा क्षमताअनुरुप काठ उत्पादन गरिएको छैन । वन तथा वातावरण मन्त्रालयको अभिलेख अनुसार आव २०८१/०८२ मा तीन करोड ९९ लाख ८५ हजार, आव २०८०/०८१ मा तीन करोड ७६ हजार ५ सय ५७, आव २०७९/०८० मा तीन करोड १८ लाख ६१ हजार, आव २०७८/७९ मा दुई करोड १७ लाख र आव २०७७/८८ मा एक करोड ९४ लाख घनफिट काठ उत्पादन भएको छ ।

पछिल्लो पाँच वर्षमा वनमा काठ उत्पादन बर्सेनि बढ्दै गएको तथ्यांकले देखाए पनि पर्याप्त छैन । फलस्वरुप, घर तथा भवन बनाउन, झ्यालढोका र फर्निचरका सामग्री तयार पार्न बर्सेनि माग हुने काठका लागि छिमेकी मुलुक भारत, भियतनाम, मलेसियालगायत ३४ देशबाट आयात गर्नुपर्ने बाध्यता छ । भन्सार विभागका निर्देशक किशोर बर्तौलाका अनुसार पछिल्लो साढे आठ वर्षमा ५५ अर्ब ३० करोड ८२ लाख ७९ हजार बराबरका विदेशी काठ, फलाम, आल्मुनियम र प्लास्टिक (युपीभीसी) का झ्याल ढोकाको आयात भएको छ ।

*गुमिरहेको अवसर*

साल काठको उपयोगिता बढाउन सके विदेशी काठ, फलाम, आल्मुनियम र प्लास्टिक (युपीभीसी) का झ्यालढोका, फर्निचरजन्य सामग्री आयातलाई प्रतिस्थापन गर्न सकिने अवसर छ । आयआर्जन र रोजगारी बढाउन सकिन्छ । तर, अस्थिर काठ नीति र महंगो मूल्यदरले गर्दा नेपालमा काठ उत्पादन र उपयोगितामा असर पारेको छ । नेपालमा २०५६ सालयता पाँच पटक काठ उत्पादन तथा बिक्रीवितरणमा प्रतिबन्ध लाग्दा मुख्यगरि साल, सतिसाल, विजयसाल जस्ता उच्च मूल्य भएका काठको व्यापारिक प्रयोजनका लागि कटान, ओसारपसार र निर्यातमा प्रतिबन्ध लगाइएको छ । ७ मंसिर २०८० मा प्रकाशित नेपाल राजपत्रमा साल लगायत रुख व्यापारिक प्रयोजनका लागि कटान, ओसारपसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

यस्तै महंगो रोयल्टीका कारण सालको काठले बजारमा प्रतिस्पर्धा गर्न नसकेको प्राध्यापक राई बताउँछन् । वन (दोस्रो संशोधन) नियमावली, २०८१ ले सालको काठको 'ए' ग्रेडको मूल्यदर एक हजार २ सय ५०, 'बी' को ९ सय, 'सी' को ६ सय र 'डी' ग्रेडको ३ सय रुपियाँ तोकेको छ । यो दर प्रदेश र स्थानीय तहपिच्छे फरक रहेको काठ व्यवसायी र वन तथा वातावरण मन्त्रालयका कर्मचारी बताउँछन् । काठ व्यवसायीले 'ए' ग्रेडको सालको काठ किन्दा प्रतिघनफिटको मूल्य एक हजार ५ सयदेखि एक हजार ८ सय पर्न जाने नेपाल वनपैदावार उद्योग व्यवसायी महासंघ अध्यक्ष दिनेशराज रेग्मी बताउँछन् ।

उक्त काठ काठमाडौं ल्याएर चिरान गरेर बेच्दा हालको बजार भाउका हिसाबले प्रतिघनफिट कम्तिमा चार हजार ५ सय पर्न जान्छ । यसमा राजस्व, ढुवानी, चिरान खर्च र घाटगद्धीबाट सालको गोलिया काठ उठाएपछि काठमाडौं सम्म ल्याइपुऱ्याउँदा बाटोमा विभिन्न चेकिङका नाममा बिचौलियालाई बुझाइने खर्चसमेत हिसाव गर्दा पर्ने उनी बताउँछन् ।

'एक हजार ५ सय जति चेकिङ पोष्टका नाममा बस्ने बिचौलियालाई तिर्नुपर्छ,' उनी भन्छन्-सरकारले काठ काट्न निरुत्साहित गर्ने नियमकानुन बनाएकाले घाटगद्धीबाट उठाएर ल्याउनेलाई पनि पोष्टपिच्छे अवरोध छ । यो सबै खर्चको मार उपभोक्तालाई पर्छ र सालको काठ महंगो हुनजान्छ । त्यसैले उपभोक्ता सस्तोमा पाइने आल्मुनियम र युपीभीसी रोज्छन् ।

वन तथा भूसंरक्षण विभागका पूर्वमहानिर्देशक देवेशमणि त्रिपाठी साल काठको प्रयोजनबारे सकारात्मक प्रचारप्रसार हुन नसकेको बताउँछन् । 'हाम्रोमा रुख भनेपछि काट्नु हुँदैन भन्ने छ । वन मन्त्रालयका कर्मचारीले वनमन्त्रीलाई सालको काठ काटेपछि उम्रिँदै उम्रिँदैन भनेर ब्रिफ गर्छन्, वनमन्त्रीलाई सालको सम्भावना अध्ययन गर्ने फुर्सद् हुँदैन,' उनी भन्छन् । रुखलाई त्यत्तिकै छाडिराख्दा बुढो भएर गुणस्तर झन् खस्किँदै नष्ट भएर जाने हुन्छ । यसो हुँदा निर्यात गरेर विदेशी मुद्राआर्जन गर्ने अवसर गुमाइरहेको त्रिपाठी बताउँछन् । उनी भन्छन्-फिनल्यान्ड सरकारले नेपालमा जंगल व्यवस्थापन परियोजना सञ्चालन गर्दा नेपालको सालको काठ एकदमै बलियो रहेछ, हामी पानीजहाज बनाउनका लागि लैजान्छौं सम्म भनेको थियो ।

सन् १९९० को दशकमा फिनल्यान्ड सरकारको सहयोगमा साल वनको व्यवस्थापन गरेर उत्पादन बढाउन सकिने कार्यक्रम सञ्चालन भएको थियो । प्राध्यापक राई भने सालको काठ विदेशमा बेच्न सकिनेमा चाहिं संशय व्यक्त गर्छन् । 'अरु देशमा आधुनिक प्रविधि प्रयोग गरेर नरम काठलाई नै बलियो बनाउने चलन छ । उनीहरु हलुका काठ नै रुचाउँछन्,' उनी भन्छन्-सालको काठ टिकाउ भए पनि गह्रुंगो र महंगो भयो, यसकारण विदेशमा बेच्न सकिनेमा चाहिं उति आशावादी छैन । यसको आन्तरिक उपभोग बढाएरै उच्च लाभ लिनुपर्ने उनको भनाइ छ ।

सरकार सालको रोयल्टीमा सीमित भएर पूर्ण मूल्य उठाउन चुकेको उनको बुझाइ छ । 'वन मन्त्रालयका सचिवज्यूहरुलाई यो हेर्ने फुर्सद् नै छैन । विदेश घुम्ने र भत्ता पाउने अवसर कसरी मिलाउने भन्नेमा नै व्यस्तता छ, मन्त्रालयका अरु कर्मचारीको अधिकांश समय फाइल ओसार्दै बित्छ,' उनी गुनासो गर्छन् ।

सालको काठ उत्पादनमा कडाइ गरिँदा चोरीतस्करीले समेत बढावा पाएको प्राध्यापक राई बताउँछन् । 'जब बजारमा सहजरुपमा पाइँदैन, चोरीनिकासी हुने नै भयो । सालको काठमा पनि यही कुरा लागु हुन्छ,' उनी भन्छन् । २६ फागुन २०८२ मा प्रहरीले कञ्चनपुरको बेलौरी नगरपालिका-१०, सडकघाटबाट अवैध साल काठ बरामद गरेको थियो । स्थानीय दीपेन्द्र चौधरीले आफ्नै घरको कोठाभित्र अवैध काठ लुकाएर राखेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलडाँडी, कञ्चनपुरबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्दा ६४ घनफिट सालको काठ फेला पारेको थियो । बरामद काठको बजार मूल्य ८० हजार ८ सय ३७ पर्छ ।

वातावरण तथा जैविक विविधता महाशाखा सहसचिव ज्ञवाली सालको काठ उत्पादनमा बुझाइ नै प्रमुख समस्या रहेको बताउँछन् । 'रुख काट्नेबित्तिकै कर्मचारीको मिलेमतो भयो भनेर दुःख दिने काम हुन्छ, १० ठाउँमा स्पष्टीकरण दिँदै हिँड्नुभन्दा रुख काट्ने काममा संलग्न हुनै नचाहने प्रवृत्ति कर्मचारीमा हाबी हुन थालेको छ,' उनी भन्छन् । यसले गर्दा काठ उत्पादनमा प्रक्रिया पूरा गर्न फाइल घुमेको घुम्यै हुन्छ । कोशी वन मन्त्रालयका सचिव इन्द्रप्रसाद सापकोटा भने सालको उपयोगितालाई बेवास्ता नगरिएको दाबी गर्छन् । 'अधिकांश वन नीतिमा सालबारे उल्लेख छ,' उनी भन्छन्-काठ उत्पादनमा कानुनी झन्झट आधा सत्य हो, चोरीनिकासी धेरै हुने भएकाले नियमन गर्न लागि नीतिगत् प्रक्रियाहरु पूरा गर्नैपर्छ ।

*सालबाट सम्भावना*

साल काठ तथा यसबाट बन्ने सामग्रीको बजार मूल्य उपभोक्ताले किन्न सक्ने खालको हुनुपर्ने वनक्षेत्रका विज्ञ तथा सरोकारवालाको भनाइ छ । यसमा प्राध्यापक राईका तीन सुझाव छन् । पहिलो, रोयल्टी घटाउनु पर्ने, दोस्रो काठ उत्पादन प्रक्रिया सहज बनाउनुपर्ने र तेस्रो लिलाम बिक्री प्रक्रियालाई पाँच वा दश वर्षे अवधिको बनाउनुपर्ने । 'महंगो रोयल्टीका कारण काठ बजारमा प्रतिस्पर्धा सहज छैन, त्यसैले रोयल्टी घटाउनु पर्छ,' उनी भन्छन्-बर्सेनि लिलामी गर्ने चलनले कच्चा काठ उपलब्धता यकिन हुँदैन । त्यसैले काठ व्यवसायीलाई व्यावसायिक योजना बनाउन समस्या छ । चोरीतस्करीलाई निरुत्साहित गर्न बजारमा साल काठ सहज उपलब्ध हुने वातावरण बनाउनुपर्ने उनको तर्क छ ।

वनपैदावर विकास समितिका सूचना अधिकारी भण्डारीको पनि रोयल्टी घटाएर र कानुनी झन्झट कम गरेर उत्पादनलाई सहज बनाउनु पर्ने सुझाव छ । जसमा वातावरण तथा जैविक विविधता महाशाखा सहसचिव ज्ञवाली पनि सहमत छन् । उनी काठ काट्ने र चिरान गर्ने आधुनिक प्रविधि प्रयोग गरेर प्रकृतिलाई असर नपर्ने गरी साल काठ उत्पादन गर्नुपर्ने बताउँछन् । 'काठ निकाल्ने भनेपछि वनभित्र डोजर लगाएर मास्ने चलन छ, यस्तो चाहिं हुनु भएन,' उनी भन्छन् ।

वन मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखा सहसचिव राजेन्द्र केसी रोयल्टी दर घटाएअनुरुप उपभोक्ताले सस्तो मूल्यमा सालको काठ पाउने सुनिश्चितता हुनुपर्नेमा जोड दिन्छन् । 'रोयल्टीलाई लिएर गुनासो आईरहेका हुन्छन्, जसमा विभिन्न स्वार्थ समूह हुन्छन्,' उनी भन्छन्-उपभोक्ताले सस्तोमा पाउने भए पो राजस्व घटाउनुको अर्थ हुन्छ, उपभोक्ताले पाउने काठमा मूल्य घटेन भने रोयल्टी शुल्क घटाउनुको उपादेयता छैन । उनले साल काठ उत्पादन र उपयोगितालाई बढाउन नीति, व्यवहार र सोचाइमा सुधार आवश्यक भएकाले मन्त्रालयले समीक्षा गरिरहेको बताएका छन् ।

---

### १२ सयभन्दा बढी पदाधिकारी एकैचोटि पदमुक्त

सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गरेको सार्वजनिक पदाधिकारीहरुको पदमुक्तिसम्बन्धि विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ ले दर्जनौं सार्वजनिक निकायमा कम्पन सिर्जना गरेको छ ।

अध्यादेशबाट १ सय १० कानुन संशोधन भएसँगै विभिन्न विश्वविद्यालय, संस्थान, प्रतिष्ठान, प्राधिकरण, परिषद्, कोष, आयोगजस्ता निकायका १ हजार २ सयभन्दा बढी पदाधिकारी एकैचोटि पदमुक्त भएका छन् ।

विभिन्न सार्वजनिक निकायमा १२ चैतअगाडि नियुक्त पदाधिकारीको नियुक्ति सर्त, सुबिधा वा बाँकी पदावधि जेसुकै भए पनि स्वतः पदमुक्त हुने व्यवस्था अध्यादेशमा गरिएको छ । 'प्रचलित कानुनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि १२ चैत २०८२ भन्दाअगाडि सार्वजनिक निकायमा नियुक्त भइ बहाल रहेका अनुसूचीबमोजिम (अनुसूचीमा ११० कानुन) का सार्वजनिक पदाधिकारीहरुको नियुक्तिमा जुनसुकै सर्त, सुबिधा र पदावधि तोकिएको भए पनि अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारी कार्यरत् रहेको पदबाट स्वतः पदमुक्त हुनेछन्,' अध्यादेशमा भनिएको छ ।

२१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनमा झन्डै दुईतिहाइ सिट जितेर रास्वपाले १३ चैतमा बनाएको सरकारले गरेको निर्णय सार्वजनिक सेवाप्रवाहको क्षेत्रमा हालसम्मकै ठूलो हो । जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले गरेका नियुक्तिहरु पनि अध्यादेशबाट खारेज भएका छन् ।

---

## आगामी आवमा
# हुनेछैन नयाँ सुरुङ निर्माण



सन्देश संवाददाता

काठमाडौं/आर्थिक वर्ष २०८२/०८३ का लागि सडक विभाग अन्तर्गत् गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रले ४३ करोड बजेट सिलिङ पाएको छ । बजेट थोरै पाएका कारण आगामी आर्थिक वर्षमा नयाँ सुरुङ निर्माण प्रक्रिया अघि बढाउने छैन । पाल्पाको सिद्धबाबा सुरुङ र ट्राफिक जाम बढी हुने एकान्त कुना खण्डमा ओभरपास निर्माणको कामलाई भने केन्द्रले बजेट सिलिङको प्राथमिकतामा राखेको छ ।

आगामी आर्थिक वर्षका लागि बजेट सिलिङ घटेर आएकाले चालु आयोजनालाई प्राथमिकतामा राखिएको केन्द्रका निर्देशक र ाजेशप्रसाद पौडेलले बताए । 'पाल्पाको सिद्धबाबा सुरुङका लागि करिब ३ अर्बको दायित्व छ,' उनले भने-त्यसका लागि २० करोड भन्दा बढी छुट्याउन सक्ने अवस्था छैन, जुन बजेट नयाँ आर्थिक वर्ष सुरु हुँदै गर्दा साउन-भदौमै सकिन्छ । यो बजेट अपुग हुने केन्द्रको भनाइ छ । पाँच वर्षभित्र निर्माण सक्ने गरी फागुन २०७८ मा सिद्धबाबा सुरुङ मार्गको ठेक्का सम्झौता भएको हो । यसको म्याद भने फागुन २०८३ सम्म छ । हालसम्म निर्माणको काम ६७.२७ प्रतिशत्मात्र सकिएको छ ।

निर्देशक पौडेलका अनुसार आगामी आर्थिक वर्षमा एकान्तकुनामा ओभरपास निर्माणका लागि १२ करोड प्रस्ताव गरिएको छ । बजेट पाए आगामी आर्थिक वर्षबाट यसको निर्माण थाल्न समस्या नहुने पौडेलको भनाइ छ । सरकारले आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उपत्यकाको ग्वार्को, सातदोबाटो र एकान्तकुनामा फ्लाइओभर वा ओभर पास निर्माण गर्ने उल्लेख गरेको थियो । हालसम्म ग्वार्कोबाहेक अन्यत्र केही संरचना बनेको छैन । केन्द्रले गरेको अध्ययनअनुसार सातदोबाटोमा बन्ने अन्डरपासको दुरी ५४०.७८ मिटर हुनेछ । अध्ययनमा कलंकीको जस्तै अन्डरपास निर्माण गर्ने र लागत ७२ करोड लाग्नेछ । अन्डरपास चार लेनको हुने सडक विभागले जनाएको छ ।

एकान्तकुनामा निर्माण गरिने ओभरपासको दुरी ३ सय मिटर हुनेछ । निर्माणमा ५० करोड लागत लाग्ने अध्ययनमा उल्लेख छ । यी दुवैको ठेक्का इञ्जिनियरिङ प्रोक्योरमेन्ट एन्ड कन्स्ट्रक्सन (ईपीसी) मोडलअन्तर्गत् गरिनेछ । अध्ययन भएर बसे पनि बजेट अभावमा थप काम अघि बढ्न नसकेको हो । 'एकान्त कुनामा ओभरपास बनाउने गरी विस्तृत परियोजना रिपोर्ट बनाउने काम सकिसकेको छ । त्यसैले निर्माणमै जान समस्या छैन,' केन्द्रका निर्देशक पौडेलले भने-बजेट नभएर समस्या भएको हो ।

नारायणगढ-बुटवल सडक खण्ड अन्तर्गत् दुम्कीबास-बर्दघाटको सुरुङमार्गको सम्भाव्यता अध्ययन पनि सकिइसकेको छ । २०८० सालमा भएको अध्ययन अनुसार यसको कुल दुरी ५.३ किमि छ । प्रारम्भिक अध्ययनअनुसार यसको निर्माणमा ३८ अर्ब ६९ करोड चाहिनेछ । सडक विभागका अनुसार २५ असोज २०७६ चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा टोखा-छहरे सुरुङमार्गको अध्ययन प्राथमिकतामा परेको थियो । सोही वर्षको पुस ११ मा पूर्वसम्भाव्यता अध्ययनका लागि चिनियाँ परामर्शदाता टोली नेपाल आएको थियो । टोलीले सुरुङ निर्माण गर्ने स्थानको अध्ययन गरेको थियो । अध्ययनअनुसार सुरुङको दुरी ४ देखि ४.५ किलोमिटर हुने अनुमान छ ।

१ फागुन २०७६ मा चिनियाँ परामर्शदाताको अनुरोधमा तीन वटा विकल्प, काठमाडौं-टोखा-छहरे-विदुर, काठमाडौं-ओखरपौवा-विदुर र काठमाडौं-नौबीसे-गल्छी सडकमा दैनिक गुड्ने सवारीसाधनको तथ्यांक उपलब्ध गराइएको थियो । टोखा-छहरे, दाउन्ने-दुम्किबास-बर्दघाट र हेम्जा-नयाँपुल सुरुङको निर्माणमा जान सक्ने गरी अध्ययन सकिएको केन्द्रका निर्देशक पौडेलले बताए ।

'अध्ययनका क्रममा हाल सम्भाव्य देखिएका यी तीन सुरुङ हुन्, जसको विस्तृत सम्भाव्यता अध्ययन गरेर राखिएको छ,' पौडेलले भने-लागत कति लाग्छ भनेर निर्माण गर्ने बेलामै थाहा हुनेछ । उनका अनुसार हाल १६ मध्ये ३ वटाको मात्र निर्माणमा लग्न सक्ने गरी अध्ययन सकिएको हो । 'सुरुङ निर्माण सडक भन्दा महंगो पर्छ, अध्ययनका क्रममा हाल सम्भाव्य देखिएका ३ वटा सुरुङमात्र हुन्,' पौडेलले भने-अन्य सुरुङको हकमा सरकारले लगानीको प्राथमिकता निर्धारण गरेरमात्र निर्णय हुन्छ । कतिपय सुरुङको अध्ययन गरेर पनि तत्काल निर्माण अघि बढाउन सक्ने अवस्था देखिँदैन । 'आर्थिक लाभ दिने खालका सुरुङमात्र बनाउनु पर्छ । कास्कीको नयाँपुलमा सुरुङ बनाउन सकिए चीनसँग सीमा जोडिएको मुस्ताङको कोरला नाका जोड्न सहज हुन्छ,' उनले भने-त्यसैले व्यापारिक दृष्टिले यसको आवश्यकता र महत्व छ ।

सडक र सुरुङमा लगानी गरे पनि त्योअनुसार सवारीसाधन नचल्ने र आर्थिक गतिविधि नहुने भए त्यसको अर्थ नहुने पौडेलको भनाइ छ । 'सुरुङ निर्माणको सम्भावना भएको ठाउँहरुको विस्तृत अध्ययन गराएर राख्छौं,' उनले भने-पछि आवश्यकताका आधारमा निर्माण अघि बढाउँछौं । उत्पादन र लाभ दिने सुरुङमा लगानी गर्ने नीति र हेको उनले जनाए । वीपी राजमार्ग अन्तर्गत् सिन्धुलीको खुर्कोट-चियाबारि सुरुङको अध्ययन भएको र डिपिआर गरेर निर्माणका लागि प्रक्रिया अघि बढाइने पौडेलले बताए । उक्त खण्डमा धेरै घुम्ती र सडकको दुरी लामो भएकाले सुरुङ निर्माण गर्नुपर्ने स्थानीयको माग छ ।




## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाझैं यहाँहरुको माया र सद्भाव पाईहने आशासमेत गरेका छौं ।




## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६ ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने